FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

# बजार संग संलग्न कृषक समुहहरुसंग काम गर्दा लैंगिक उत्तरदायी तथा पोषण संवेदनसिलता एकीकृत गर्ने तरिका

*प्रशिक्षकहरुको तालिम पूस्तिका*







सेप्टेम्बर २०१६

USAID
FROM THE AMERICAN PEOPLE

INGENAES
Integrating Gender and Nutrition within Agricultural Extension Services

# बजार संग संलग्न कृषक समुहहरुसंग काम गर्दा लैंगिक उत्तरदायी तथा पोषण संवेदनसिलता एकीकृत गर्ने तरिका

## *प्रशिक्षकहरुको तालिम पूस्तिका*

**सेप्टेम्बर, २०१६**

**पहिलो संस्करण**

**भावना थापा, विद्यावारीधी, फ्लोरिडा विश्वविद्यालय, द्धारा तयार गरिएको**

© २०१६ भावना थापा, र इन्जिनिएस (INGENAES)

ILLINOIS
UNIVERSITY OF ILLINOIS AT URBANA-CHAMPAIGN

UCDAVIS
UNIVERSITY OF CALIFORNIA

UF UNIVERSITY of FLORIDA

cultural practice LLC

# विषयसूची


छोटो रुप ........ 1

परिचय ........ 1

पृष्ठभूमि ........ 1

लक्षित समुहहरु ........ 1

आवश्यकताको मुल्यांकन ........ 1

कार्यशालका उद्देश्यहरु ........ 1

कार्यशालाका सहभागिहरुको अपेक्षा ........ 2

प्रशिक्षकहरुको तालिम कार्यशालाको नमूना एजेण्डा ........ 3

पहिलो दिन ........ 7

पहिलो सत्रः परिचयात्मक कार्यक्रम तथा मोड्युलबारे जानकारी ........ 7

क्रियाकलाप नं. १.१ परिचय– प्रभावकारी प्रशिक्षकको गुणहरु ........ 8

दोस्रो सत्र : सीप सेट एक- समुह व्यवस्थापन सीप ........ 10

क्रियाकलाप नं. २.१: नेतृत्व सीपहरु ........ 13

क्रियाकलाप नं. २.२ असल नेता केले बनाउछ, के लैङ्गिकले ?? ........ 15

क्रियाकलाप नं. २.३ कसले के गर्छ ? ........ 17

तेस्रो सत्र : सीप सेट दुई-व्यवसाय र बजारीकरण सीप ........ 21

क्रियाकलापः ३.१ : कृषि मुल्य श्रृंखलामा लैङ्गिक र पोषण ........ 25

दोस्रो दिन ........ 28

चौथो सत्रः सीप सेट तीन-बचत तथा वित्तीय व्यवस्थापन सीपहरु ........ 28

क्रियाकलाप नं. ४.१: महिला तथा पुरुष कृषकहरुको आय र व्ययका मुख्य श्रोतहरु ........ 30

क्रियाकलाप नं. ४.२: प्लेटमा के जान्छ ? ........ 33

पाचौं सत्रः सीप सेट चार–प्रविधी र आविस्कार सीपहरु ........ 36

क्रियाकलाप ५.१: लैङ्गिक संवेदनशिल प्रविधीहरु किन ? ........ 39

तेस्रो दिन ........ 43

छैठौं सत्र : सीप सेट पाँच- प्राकृतिक श्रोत व्यवस्थापन सीपहरु ........ 43

क्रियाकलाप नं. ६.१: समस्याको वृक्ष विश्लेषण ........ 48

सातौं सत्र : कार्यशालको मुल्याङ्कन र समापन गतिविधीहरु ........ 50

क्रियाकलाप नं. ७.१ : कार्यशालामा प्रतिविम्बको एकत्रीकरण/समिक्षा/पूनरावलोकन ........ 51

क्रियाकलाप नं. ७.२ : उत्तर-कार्यशाला मुल्याङ्कन ........ 52

क्रियाकलाप नं. ७.३ : प्रमाणपत्रको वितरण ........ 52

**सन्दर्भ सामग्रीहरु ........ 53**

**अनुसूचीहरु ........ 54**

**अनूसूची क: कार्यशाला घोषणा फ्लायरको नमूना ........ 54**

**अनुसूची ख: पूर्व-कार्यशाला मुल्यांकनको नमूना फारम ........ 58**

**अनुसूची ग: उत्तर-कार्यशाला मुल्यांकनको नमूना फारम ........ 60**

**अनुसूची घ: आगामी सर्भेक्षणको नमूना फारम ........ 62**

**अनुसूची ङ: प्रमाणपत्रको नमूना ........ 64**

# छोटो रुप

| | |
|---|---|
| CBF | Community Business Facilitator |
| CIAT | International Centre for Tropical Agriculture |
| CRS | Catholic Relief Services |
| ENBAITA | Expanding Nepalese and Bhutanese Access to Indian Technologies for Agriculture |
| iDE | International Development Enterprise |
| IFAD | International Fund for Agricultural Development |
| INGENAES | Integrating Gender and Nutrition into Agricultural Extension Services |
| IPM-IL | Integrated Pest Management-Innovation Lab |
| MENA | Middle East and North Africa |
| MPC | Market Planning Committee |
| NRM | Natural Resource Management |
| PAHAL | Promoting Agriculture, Health, and Alternative Livelihoods |
| RIMS | Resource Identification and Management Society Nepal |
| SAPPROS | Support Activities for Poor Producers of Nepal |
| TOT | Training of Trainers |
| USAID | United States Agency of International Development |
| ZOI | Zone of Influence |

## परिचय

यो प्रशिक्षकहरुको तालिम पुस्तिका( Training of Trainers Manual) सामग्री बजार संग सम्बद्ध किसान समुहका महिला तथा पूरुषहरुमा लैङ्गिक मैत्री तथा पोषण संवेदनशिल एकिकृत गर्नका लागि उनीहरुको गाउ स्तरको कृषिसंग सम्बन्धित क्रियाकलापमा योजना बनाउने र उक्त क्रियाकलापहरुको कार्यान्वयनमा सक्रिय सरकार, नीजि, गैरसरकारी संस्था तथा ग्रामिण विकास अभियान्ताहरुको क्षमता सबलीकरणको लागि उपयोग गर्न तयार गरिएको हो । बजार संग सम्वद्ध अगुवा कृषकहरु र कृषक समुहहरु तथा कृषि मुल्य श्रृंखलाका अन्य प्रतिनिधीहरु जस्तै व्यापारीहरु, एग्रोभेट र समुदाय व्यवसाय सहजकर्तालाई तालिम दिने विस्तार कार्यकर्ताहरुको आवश्यकता पुरा गर्न यो तालिम पुस्तिकाको व्यवस्था गरिएको छ । यो पुस्तिका मध्यपश्चिम (सुर्खेत र बाँके) तथा सुदुरपश्चिम (डडेलधुरा र कैलाली) क्षेत्रको सन्दर्भमा व्यवस्था गरिएको भएतापनि यसको उपयोग निश्चित साँस्कृतिक तथा कृषि सन्दर्भमा परिमार्जित गरि प्रशिक्षकहरुको निर्देशिकाको रुपमा पनि उपयोग गर्न सकिनेछ ।

यो पुस्तिका क्याथोलिक उद्धार सेवाहरु (सीआरएस), ट्रपिकल कृषिका लागि अन्तर्राष्ट्रिय केन्द्र (सीआरएस र सीआईएटी, २००७) द्धारा उत्पादीत पाँच मुख्य सीप सेटका लागि फिल्ड निर्देशिका र फिड दी फ्युचर,कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलन (इन्जेनास) परियोजनाद्धारा तयार गरिएको कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलन: एक सहजकर्ता निर्देशिका (इन्जेनास, २०१५) को पुरक हो । यो पुस्तिकामा समेटीएका सत्रहरु सीआरसी पुस्तिकामा उल्लेख गरिएका पाँच सीप सेटमा आधारित छन् भने लैङ्गिक तथा पोषण संवेदनशिलता सत्रमा समाकलित गर्न केही औजारहरु इन्जेनास निर्देशिका बाट साभार गरिएको छ । यो मोड्युलमा, प्रतेक खण्ड र यसको साथमा रहेका सहभागीतामूलक औजारहरु स्वतन्त्र छन् र क्रियाकलापको उद्देश्य अनुरुप अलगअलग प्रयोग गर्न सकिन्छ । यो पुस्तिकाको नेपाली र अंग्रेजी दुबै संस्करणहरु र समुह क्रियाकलापका लागि अन्य साथमा रहेका सहभागीतामूलक औजारहरु डाउनलोडका लागि इन्जेनासको वेवसाइटमा उपलब्ध छन् (http://ingenaes.illinois.edu/nepal/)। यो पुस्तिकामा रहेका अन्य श्रोतहरु समेट्ने प्रतेक सत्रको पावरप्वइन्ट प्रस्तुती स्लाइडहरु पनि डाउनलोडको लागि उपलब्ध छन् ।


यो पुस्तिका नेपालको खास सामाजिक साँस्कृतिक तथा कृषि सन्दर्भमा इन्जेनास कार्यक्रमको माध्यमद्धारा अमेरीकि सहयोग नियोगको सहयोगमा तयार गरिएको हो ।

## पृष्ठभूमि

यो प्रशिक्षकहरुको लागि तालिम पुस्तिकाको समग्र लक्ष्य बजारमा संम्वद्ध महिला तथा पुरुष कृषक समुहहरुका लागि सहभागीतामूलक लैङ्गिक उत्तरदायी र पोषण संवेदनशिल तालिमहरुको परिकल्पना गर्न र सञ्चालन गर्न फिल्ड प्रतिनिधी र विस्तार कार्यकर्ताहरुको क्षमता वनाउनु, फैलाउनु र वढाउनु हो । यो प्रशिक्षकको तालिममा समेटिएका मोड्युलहरु सीआरएस र सीआईएटी निर्देशिका (२००७) मा आधारित छन् र नेपालको मध्य र सुदुरपश्चिम क्षेत्रमा कृषि उत्पादनको बजारीकरणमा संम्वद्ध महिला तथा पुरुष कृषकहरुसंग काम गर्ने सन्दर्भमा साभार गरिएको छ । सिआरएस निर्देशिका सन् २००२ मा एसिया, अफ्रिका, ल्याटिन अमेरिका का १२ देशका १९ संघसंस्थाहरुका विकासे कार्यकर्ता, फिल्ड विस्तार कार्यकर्ता र समुदाय नेताहरुले बजार गतिविधीहरुमा संम्वद्ध कृषकहरुको सफलता र असफलतामा गरिएको विस्तृत खोज अध्ययनको परिणाम हो (सीआरएस र सीआईएटी, २००७) । अध्ययनले कृषक समुहहरुको सफल र दीगो बजार संलग्नताको लागि महत्वपुर्ण ५ मुख्य सीप सेटको संयोजन उल्लेख गरेको छ ।

यी सीपहरु ५ विस्तृत सीप सेट वर्गिकरणमा समेटीएका छन् । (तस्बीर नं १ हेर्नुहोस् )

**१. समुह व्यवस्थापन:** साझा दृष्टी भएको कृषि उद्यममा संलग्न सक्रिय कृषक समुह निर्माण गर्ने र प्रजातान्त्रिक रुपले व्यवस्थापन गर्न सक्ने क्षमता, र अन्य बजार प्रतिनिधीहरुसंगको विश्वसनीय र प्रभावकारी सम्बन्ध बनाउदै आन्तरिक द्वन्द व्यवस्थापनमा सक्षमता ।




*तस्वीर १: साना कृषकहरुलाई बजारमा सफलतापूर्वक संलग्न हुन तयार गर्नका लागि सीआरएस ५ मुख्य सीप सेटहरु (श्रोत: सीआरएस, २००९)*

**२. व्यवसाय र बजारीकरण सीपहरु:** उपभोक्ताको माग अनुसारको उत्पादन गर्न उपयुक्त प्रविधीहरुको उपयोग गर्दै बजार माग सन्तुष्ट गर्नका लागि संकलन केन्द्र वा सहकारीको सञ्चालन गर्ने, साझा उत्पादन व्यवस्थापन गर्ने, व्यवसायिक योजना तयार गर्ने, बजार प्रवेश वा मुल्य श्रृंखलाका अवसरहरुको पहिचान गर्ने र उच्च लाभ प्राप्त गर्न कृषक समुहको वकालत सीपक सुदृढ गर्ने क्षमता ।

**३. बचत र वित्तीय सीपहरु:** कृषकहरुको वित्तीय श्रोतहरुमा नियन्त्रण बढाउन, व्यवस्थापन गर्न र समुहमा वित्तीय पूजी बृद्धि गर्नका लागि र बचत गर्ने तथा बचत व्यवस्थापन गर्ने, उचीत व्याजदरमा ऋणको पहुँच, वित्तीय व्यवस्थापनको आधारभूत कुरा बुझ्ने क्षमता ।

**४. प्रविधी र आविष्कार सीपहरु:** उपयुक्त र पहुँचयोग्य प्रविधीको उपयोगबारे बोध गर्ने, उत्पादन र नाफा बढाउने नवीन आविष्कारजन्य अभ्यासहरु बारे सूचना प्राप्त गर्ने र प्रसार गर्ने क्षमता ।

**५. प्राकृतिक श्रोत व्यवस्थापन सीपहरु:** समुदायमा आधारित प्राकृतिक श्रोत व्यवस्थापन योजना तयार गर्ने, जमीन, जल, वनस्पती र तरकारी खेतीको पर्याप्त र उचीत व्यवस्थापनका लागि साझा नियमहरु बनाउने, र कृषि जन्य आय वृद्धि गर्न दीगो उत्पादन र प्राकृतिक श्रोत संरक्षणमा संलग्न हुने क्षमता ।


यो श्रेणीमा भएको तालिम सामग्रीहरु पूर्व प्रकाशित सीआरएस निर्देशिकाको पूरकको रुपमा अपेक्षित गरिएको छ, यसर्थ ती निर्देशिकाहरुको परामर्श गरिनुपर्दछ । सीप सेटमा सीआरएस निर्देशिकाको सेट यो वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ http://www.fsnnetwork.org/preparing-farmer-groups-engage-successfully-markets-field-guide-five-key-skill-sets र http://www.fsnnetwork.org/five-skills-set-smallholder-farmers.

यो पुस्तिकाको केही तालिम सामग्रीहरु विस्तार र परामर्श सेवाहरुको आधुनिकीकरण (*MEAS*) परियोजना (२०१४) द्वारा तयार गरिएको मध्य एसिया र उत्तर अफ्रिकामा महिला समुह संग काम गर्नका लागि *MEAS* तालिम निर्देशिका बाट साभार गरिएको छ,( यहाँ उपलब्ध छ, http://www.meas-extension.org/meas-offers/training/mena) । *MEAS* तालिम निर्देशिका (२०१४) पनि सीआरएसका ५ सीप सेटमा आधारित छ, मध्य एसिया र उत्तर अफ्रिका (MENA) क्षेत्रमा स्थापित महिला समुहहरुको क्षमता सबलीकरण गर्न र बनाउनका लागि यसको साभार गरिएको हो । नेपालको परिप्रेक्ष्य सुहाउदो केही गतिविधीहरु (जस्तै, नेतृत्व सीपमा सहभागीतामूलक क्रियाकलाप) यसमा समेटीएका छन् । यस पुस्तिकामा इन्जेनास, २०१५ द्वारा तयार गरिएको कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलन: एक सहजकर्ता निर्देशिका बाट नेपालको परिप्रेक्ष्य सुहाउदो सहभागीतामूलक समुह क्रियाकलापहरु पनि साभार गरिएका छन् (यहाँ उपलब्ध छ: http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf)। इन्जेनास, २०१५, सहजकर्ता निर्देशिका महिला र पुरुष कृषकहरुको तालिम परिकल्पना र सहजीकरणमा लैङ्गिक तथा पोषण संवेदनशिलता समाकलित गर्नको लाीग विस्तार प्रतिनिधीहरुको क्षमता सबलीकरण गर्ने हेतुले तयार गरिएको हो ।

## इन्जेनासको (INGENAES) बारेमाः

फिड दी फ्युचर कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलन (इन्जेनास) परियोजना अमेरीकी सहयोग नियोगको खाद्य सुरक्षा विभागले राष्ट्रपतीय फिड दी फ्युचर अभियानहरु, जसले ग्रामीण क्षेत्रमा जिविकोपार्जनको लागि कृषिमा निर्भर महिला तथा पुरुष कृषक दुबैको उत्पादकत्व र आम्दानी बढाउछ, मा सघाउन काम गर्दछ ।

कृषि विस्तार सेवाहरुमा लैङ्गिक रिक्तता हटाउन, महिला कृषकहरुको सशक्तिकरण वृद्धि गर्न, विस्तार सेवाहरुमा लैङ्गिक र पोषण सम्मिलन सुधार गर्न सुदृढ विस्तार र सल्लाहहरु (EAS) को विकासमा सहयोग गर्दछ । यो कार्यक्रमले महिला सशक्तिकरण र पुरुष संलग्नताको मुख्य हेतुका साथ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा देशभित्रका बहुआयामिक सरोकारवालाहरु जस्तै कृषकहरु, उत्पादन समुह, सहकारीहरु, नीति निर्माताहरु, प्राविधिक विशेषज्ञहरु, विकास गैरसरकारी संघसंस्थाहरु, दातृ निकायहरु आदी लाई सहयोग गर्दछ ।




*तस्वीर २: लैङ्गिक सम्मिलन र रुपान्तरणीय आचरणमा पोषण विशिष्ट र पोषण लक्षित कार्यक्रममा विस्तार (सिद्धान्त र अभ्यास) बीचको सम्बन्ध*

इन्जेनासका प्रयासहरुले महिला र पुरुष कृषकहरुको राम्रो संग आवश्यकता पुरा गर्न सुदृढ EAS कार्यान्वयन गर्न नीति तथा रणनीतिहरुको संयोजन गर्न र सहमती प्राप्त गर्न मुख्य सरोकारवालाहरुको क्षमता वृद्धि तथा सञ्जाल प्रदान गर्नेछ । इन्जेनास कार्यक्रमले सेवाग्राहीको असर प्रत्यक्ष अनुगमन गर्दै भने कृषि सूचना, तालिम, प्रविधी र पोषण सूचना पहुँच गर्ने महिला तथा पुरुष कृषकको प्रत्यक्ष प्रभाव पार्ने संस्थामा आउने परिवर्तनमा जोड दिनेछ ।

इन्जेनासले संघसंस्थाहरुको आवश्यकता पहिचान गर्दै र लैङ्गिक समानता प्रवर्द्धन गर्न, घरायसी पोषण सुधार गर्न र महिलाको आम्दानी वृद्धि गर्न, घरायसी खाद्य सुरक्षाको हेतुले कृषि विस्तार सेवाहरुमा लैङ्गिक तथा पोषण संवेदनशिल सूचना र क्रियाकलापहरु प्रभावकारी रुपमा समाकलित गर्न संघसंस्थाहरुको क्षमता सबलीकरण गर्दै संघसंस्थाहरुको क्षमता अभिवृद्धि गर्नेछ । लैङ्गिक तथा पोषण सम्मिलनका सन्दर्भमा विस्तार सेवाहरुमा ४ मुख्य रिक्तताको पहिचानमा आधारित, इन्जेनासका गतिविधीहरु देहायका कार्यहरुमा विभाजित गरिएको छ;

- EAS को माध्यमद्धारा महिला र पुरुष कृषक दुबैको आवश्यकताको मुल्यांकन र आवश्यकताको प्रतिकार्य गर्ने सक्षम बलियो, लैङ्गिक–उत्तरदायी, पोषण–संवेदनशील संघसंस्थाहरु, परियोजनाहरु, कार्यक्रमहरु बनाउन ।
- महिला कृषकहरुलाई सुदृढ EAS प्रदान गर्नका लागि सक्षम संयन्त्रहरुको पहिचान गर्ने र स्तरीकरण गर्ने ।
- महिलाको कृषि उत्पादकत्व सुधार गर्ने र घरायसी पोषण वृद्धि गर्ने प्रविधीहरुको प्रसारण
- महिला र पुरुष दुबैको संलग्नताको लागि प्रभावकारी, पोषण–संवेदनशील विस्तार अवधारणहरु र औजारहरु उपयोग गर्न ।

## लक्षित समुहहरु

प्रशिक्षकको तालिम पुस्तिका कृषि मुल्य श्रृंखलामा संलग्न कृषक समुह, अगुवा कृषकहरु, र अन्य प्रतिनिधीहरुलकाई तालिम दिने विस्तार कार्यकर्ताहरु र प्रशिक्षकहरुको लागि एक औजार हो । यो पुस्तिकामा छलफल गरिएका लैङ्गिक र पोषण सवालहरुको सान्दर्भिकता प्रतेक लक्षित समुहको लागि फरक फरक छन् र गाउँ तथा समुदाय अनुसार फरक हुनेछ । ग्रामीण नेपालमा आफ्नो कृषि उत्पादनको बजारीकरणमा संलग्न कृषक समुहहरुको आवश्यकता पुरा गर्न यो पुस्तिका साभार गरिएको छ भने उपभोक्ताले मुल्य श्रृंखलामा कुनै विशिष्ट तालिम प्रशिक्षार्थीलाई तालिम सामग्रीको रुपमा साभार गर्न सक्नेछ ।

## आवश्यकताको मुल्यांकन

कुनै पनि प्रभावकारी तालिमको मोड्युल परिकल्पना गर्ने पहिलो चरण अपेक्षित सहभागीहरुको तालिम आबश्यकताको मुल्यांकन गर्नु हो । प्रशिक्षक प्रशिक्षण कार्यशालाको सहजकर्ताले विभिन्न विधीहरुको माध्यमद्वारा जस्तै अपेक्षित सहभागीहरुसंग पूर्व–कार्यशाला सर्वेक्षण (अनुसुची ख), लक्षित समुह छलफल, र/वा अर्ध–संरचनागत व्यक्तिगत अर्न्तवार्ता, अपेक्षित सहभागीहरुको आवश्यकता मुल्यांकन गर्नेछन् । आवश्यकता मुल्यांकनका उद्देश्यहरु देहाय बमोजिम छन्;

क. खास मुल्य श्रृंखलामा महिला र पुरुष कृषकहरुको भूमिका मापन गर्ने

ख. श्रृंखलाको प्रतेक चरणमा लैङ्गिक र पोषण सम्मिलन रणनीतिहरुका अवसरहरु र सीमाहरुको पहिचान गर्न

ग. प्रतेक सहभागी संघसंस्थामा पहिले नै अस्तित्वमा रहेका के कस्ता लैङ्गिक र पोषण सम्मिलन रणनीतिहरु छन् सोको निश्चि गर्न

घ. मुल्य श्रृंखलामा कृषक समुह र अन्य प्रतिनिधीहरु मा लैङ्गिक र पोषण सम्मिलन रणनीतिहरुबारे पहिले नै अपेक्षित सहभागीहरु के जानकारी छ सोको निर्धारण गर्न

ङ. सहभागीहरुलाई के श्रोतहरु उपलब्ध छन् र सहभागीहरुलाई आफ्नो काम राम्रो संग गर्न के कस्ता अतिरिक्त तालिमहरु आवश्यक छन्; तिनीहरुको लक्षित सेवाग्राही आदी

## कार्यशालका उद्देश्यहरु

यस सहयोग पूस्तिकामा व्याख्या गरिएका तालिमका उद्देश्यहरु देहाय बमोजिम छन् :

- प्रभावकारी विस्तार सहजकर्ता/प्रशिक्षकको विषेशताहरु पहिचान गर्न ।
- आफ्नो कृषि उत्पादनबाट व्यवसायिक उत्पादन तथा बजारीकरणमा संलग्न भइ संकलन केन्द्र, बजार योजना समिति तथा सहकारीमा आवद्ध भएका किसान समुहका पूरुष र महिला किसानको जिम्मेवारी तथा भूमिकाको मापन गर्न ।
- कृषि कार्यक्रमहरुमा लैङ्गिक र पोषण सम्मिलनको महत्वबारे छलफल गर्न ।

- तरकारी र पशुपालन जस्ता साना आकारका कृषि उद्यमीहरुका लागि कृषि मुल्य श्रृंखला सिर्जना गर्न र मुल्य श्रृंखलाको विभिन्न तहमा लैङ्गिक तथा पोषणसम्बन्धी सवालहरुबारे छलफल गर्न ।
- घरमा तथा फर्ममा उत्पादन तथा बालीनाली स्याहार्ने समयमा महिला तथा पुरुष किसानहरुको समय तथा श्रम बचत प्रविधीमा पहूँच अवस्था मापन गर्न ।
- लैङ्गिक मिथक तथा तिनीहरुको महिला किसानहरुको विभिन्न कृषि श्रोत तथा सूचनाको पहूँचमा पर्ने प्रभावबारे छलफल गर्न ।
- विस्तार प्रतिनिधीहरुले फिल्डमा आफ्ना कार्यक्रमहरुमा लैङ्गिक तथा पोषणसम्बन्धी सवालहरुको पहिचान गर्दा के क्रियाकलापले काम गरेका छन् वा के क्रियाकलापले काम गरेको छैनन् सो बारे छलफल गर्न ।
- खास ग्रामिण कृषि समुदायमा महिला तथा पूरुष किसानहरुको आय तथा व्यय निर्णय बारे विश्लेषण गर्न ।
- पौष्टिक रुपले सन्तुलित खानाका तत्व, पोषणयुक्त खानाका परिस्थितिहरु र सीमित आयले पौष्टिक आहार किन्न आउने चूनौतिबारे छलफल गर्न ।
- लैङ्गिक तथा पोषण सम्बन्धित सवालहरुको अन्वेषण गर्नका लागि प्राकृतिक श्रोत व्यवस्थापन समस्याको विश्लेषण गर्न ।
- महिला तथा पुरुष किसानलाई सफलतापूर्वक समुह बनाउन र व्यवस्थापन गर्न, वीत्तिय व्यवस्थापन बुझ्न, बजार अवसरहरुको खोजी गर्न, सिर्जनसिल र प्रतिस्पर्धात्मक रहन तथा तिनिहरुको प्राकृतिक श्रोतको दीगो व्यवस्थापन गर्न तिनीहरुको क्षमता सुधार गर्न सहयोग गर्न ।
- हालको कृषि विस्तारमा कार्यक्रममा सहभागीहरुको लैङ्गिक तथा पोषण एकिकृतको महत्वसम्बन्धी बुझाइ वृद्धि गर्ने ।
- सामुदायिक व्यवसाय सहजकर्ता, बजार योजना समिति तथा अगुवा कृषक तालिममा लैङ्गिक तथा पोषण सूचना एकिकृत गर्न सहभागितामूलक ग्रामिण लेखाजोखा विधीहरुको प्रभावकारी प्रयोग गर्न ।
- कृषक समुहसंग स्थानीय सान्दर्भिक सत्रहरुको सहजीकरण गर्न र महिला तथा सामाजिक सीमान्तकृत समुहहरु समावेशीकरण सुनिश्चित गर्न ।

## कार्यशालाका सहभागिहरुको अपेक्षा

- कार्यशालाका सबै सत्रहरुमा सक्रिय सहभागि हुने र विभिन्न प्रकारका सीकाई विधी तथा प्रविधीमा खुल्ला हने-कुनै सहभागिको इक्षा तथा आनन्द बाहेकका हुन सक्नेछन् ।
- कार्यशालामा अन्य सहभागीहरुले व्यक्त गरेका धारण तथा अनुभवहरुको विविधताको सम्मान गर्ने ।
- सबै सत्रहरुको अनिवार्य उपस्थिति जनाउने ।
- कार्यशालाबाट हासिल गरेका ज्ञान तथा सीप आफ्ना सहकर्मी र स्थानीय किसान संग बाड्ने ।

**नोट :**

छलफलका बुदाहरु

सहयोगी पुस्तिकाका हरियो बाकसमा भएका विचार र बुदाहरु ती हुन जुन छलफलको समयमा सहजकर्ता वा सहभागीले व्यक्त गर्न सक्नेछन् । बाकसमा दिइएका विचार र बुदाहरु छलफलको पथप्रदशन तथा सहजताको लागि मात्र हुन् र सबै विचार तथा बुदाहरु कार्यशालको छलफलमा समावेश गरिने छैनन् ।

## प्रशिक्षकहरुको तालिम कार्यशालाको नमूना एजेण्डा

### पहिलो दिन

९:०० **पहिलो सत्र: परिचयात्मक कार्यक्रम तथा मोड्युलबारे जानकारी**

आयोजकबाट स्वागत मन्तव्य तथा स्वागत

९: १५ परिचयात्मक कार्यक्रम-प्रभावकारी प्रशिक्षकका विशेषताहरु (अर्न्तक्रियात्मक विधीबाट सहभागीको परिचय, सहभागीको प्रशिक्षकको रुपमा भूमिका र जिम्मेवारी तथा कार्यशालाको अपेक्षा)

९: ४५ कार्यक्रमबारे जानकारी

१०: ०० कार्यशालको मोड्युलबारे जानकारी

१०: ३० चिया/कफि विराम

१०: ४५ **दोस्रो सत्र : सीप सेट एक- समुह व्यवस्थापन सीप**

कृषक समुहको कार्य तथा घरधुरीको प्रगतिको सन्दर्भमा समुह व्यवस्थापन सीप सेट, नेतृत्व भूमिका तथा लैङ्गिक समताको महत्व बारे संक्षिप्त प्रस्तुतीकरण

क्रियाकलाप २.१ : नेतृत्व सीपहरु

अर्न्तक्रियात्मक विधीको प्रयोगबाट सहभागीहरुसंग नेतृत्व सीपबारे छलफल गर्ने-सहभागीहरुलाई यो सीप उनीहरुसंग पहिले नै छ भनी अनुभुति हुनेछ वा उनीहरु यस सीपको विकास गर्न चाहन्छन् ।

क्रियाकलाप नं. २.२ असल नेता केले बनाउछ, के लैङ्गिकले ??

कृषक समुहमा महिलाहरुको भूमिका तथा सहभागितामा लैङ्गिक बारे मानसिक भावको प्रभाव सहभागिलाइ अनुभुति गराउनका लागि रमाइलो तरिकाले अर्न्तक्रिया गराउने ।

क्रियाकलाप नं. २.३ कसले के गर्छ ??

नमूना अभ्यास-घरमा, खेत र समुदायमा दैनिक क्रियाकलापहरुको असमान वितरणको प्रभाव विश्लेषण गर्न: सबै कृषक समुहहरुमा सन्तुलित सहभागिता प्रेरित गर्ने विधी अपनाउने: महिला र पुरुष किसानहरुबीच गर्न सकिने एउटा सामान्य प्रकारको लैङ्गिक विश्लेषण प्रदर्शन गर्ने: यो क्रियाकलापले सहभागीहरुमा कार्यशालाको संस्कृति तथा समुह र घरपरिवारको निश्चित परिवेशमा महिला तथा पुरुषको जिम्मेवारी र भूमिका र लैङ्गिक गतिशिलता बारे राम्रो बुझाई हुनेछ ।

१३: ०० विहानको खाना विराम

१४: ००   **तेस्रो सत्र : सीप सेट दुई-व्यवसाय र बजारीकरण सीप**

कृषक समुहलाइ सफलतापूर्वक बजारमा संलग्न गर्न, कृषि-आय-पोषण सम्बन्धलाइ जोड दिदैं र महिलाको बजारमा पहुँचमा मुख्य अवसरहरु र सीमा तथा कृषि उत्पादनको विक्रीबाट हुने आयमा नियन्त्रणका लागि आधारभुत व्यवसाय र बजारीकरण सीपको महत्व बारे संक्षिप्त प्रस्तुतीकरण ।

३.१ : कृषि मुल्य श्रृंखलामा लैङ्गिक र पोषण

नमूना अभ्यास : कृषि उद्यमीको लागि मुल्य श्रृंखला सिर्जना गर्न र मुल्य श्रृंखलाको प्रतेक चरणमा लैङ्गिक र पोषणलाई एकिकृत गर्ने विधीहरुको खोजी गर्न, मुल्य श्रृंखलाको प्रतेक चरणमा श्रोतमा कस्को पहुँच र नियन्त्रण छ, कसले निर्णय गर्छ र कसले काम गर्छ.....भन्ने कुराको जोड दिने र फिल्डमा महिला र पुरुष किसानसंग कार्यान्वयन हुने सामान्य क्रियाकलापको प्रदर्शन गर्ने ।

१६: ००   चीया/कफी विराम

१६: ३०   दैनिक पूनरावलोकन

१७: ००   समापन

## दोस्रो दिन

९: ००   एकत्रीकरण

रमाइलो खेल : मलाई के ले काम गर्छ ??

सहभागीहरुले फिल्डमा लैङ्गिक तथा पोषणसम्बन्धी सवालबारे काम गर्दा कुन क्रियाकलापले काम गरेको छ कुन क्रियाकलापले गरेको छैन प्रस्तुत गर्नेछन् ।

९: ३०   **चौथो सत्र: सीप सेट तीन-बचत तथा वित्तीय व्यवस्थापन सीपहरु**

कृषक समुहलाई सफलतापूर्वक बजारसंग जोड्न, वित्तीय श्रोतमा महिलाको पहुँचमा मुख्य अवसरहरु तथा सीमाको मापन गर्दै घरपरिवारको पौष्टिक स्तर परिवर्तनको मुख्य चालकको रुपमा महिलाको भूमिकालाइ जोड दिने र महिलाको आय, व्यय, बचत तथा ऋणको प्रयोगमा नियन्त्रण र अपनत्वका लागि बचत तथा वित्तीय व्यवस्थापन सीपको महत्व बारे संक्षिप्त प्रस्तुतीकरण ।

क्रियाकलाप नं. ४.१: महिला तथा पुरुष कृषकहरुको आय र व्ययका मुख्य श्रोतहरु

नमूना अभ्यास : समुदाय र घरायसी तहमा मुख्य श्रोत र पैसाको उपयोगको पहिचान गर्न, ती श्रोतहरु महिला र पुरुषको आवश्यकता र चाहनामा कसरी फरक हुन्छन् सोको खोजी गर्न, फिल्डमा महिला र पुरुष किसानसंग कार्यान्वयन हुने सामान्य प्रकारको आयव्यय विश्लेषणको प्रदर्शन गर्न ।

१०: ३०   चीया/कफी विराम

१०: ४५   क्रियाकलाप नं. ४.२: प्लेटमा के जान्छ ??

नमूना अभ्यासः सीमित बजेटमा पौष्टिक आहारको योजनामा कठीनाइको अन्वेषण गर्न, कम तौल भएकाको जन्म, शिशु तथा मातृ मुत्युदर, रोगहरु, न्यून कार्य उत्पादन, र कमजोर कक्षाकोठा कार्य जस्ता कमजोर पोषणको परिस्थितिहरुको मुल्यांकन गर्न र विस्तार कार्यक्रमको योजना, सहजीकरण र मुल्यांकन गर्दा पौष्टिक जनजागरण वृद्धि गर्नु ।

१२: ३० श्रव्यदृश्य सामग्री र छलफलः पोषण किन???

१३: ०० विहानको खाना

१४: ०० **पाँचौ सत्रः सीप सेट चार- प्रविधी र आविष्कार सीपहरु**

कृषक समुहलाई बजारमा संलग्न गर्न, खेतमा र घरायसी तहमा महिलाको समय र श्रम बचत गर्ने प्रविधीको पहुँचका मुख्य अवसरहरु र सीमाहरुमा जोड दिन प्रविधी र नवीन सीपको महत्वबारे एक संक्षिप्त प्रस्तुतीकरण ।

क्रियाकलाप नं. ५.१: लैङ्गिक संवेदनशिल प्रविधी किन ??

नमूना अभ्यास : खेतमा र घरमा महिला तथा पुरुष किसानहरुको दैनिक कार्यका लागि उपलब्ध श्रम बचत गर्ने प्रविधीहरुको संख्या र प्रकार पहिचान गर्न र महिला कृषकको प्रविधी माग र सीमाको मापन गर्नका लागि एउटा समान्य प्रकारको लैङ्गिक मुल्यांकनको प्रदर्शन गर्न ।

१६: ०० चीया/कफी विराम

१६: ३० संक्षेपीकरण तथा पूनरावलोकन

१७: ०० समापन

## पहिलो तेस्रो

९: ०० एकत्रीकरण

दीमाग खियाउने क्रियाकलाप : ग्रामिण खेत समुदायमा प्रचलित लैङ्गिक विश्वास

सहभागीहरुले फिल्डमा कार्यक्रमको कार्यान्वयनको समयमा सामना गरेका लैङ्गिक तथा पोषणसम्बन्धी सवाल तथा सामाजिक विश्वास आदानप्रदान गर्नेछन् । यो क्रियाकलापको उद्देश्य समाजमा कहाँ र कसरी लैङ्गिक विश्वास विकसित हुन्छन् र व्यक्तिगत, घरायसी तह, खेत र समुदायमा सकारात्मक र नकारात्मक व्यवहारहरुको असरको पहिचान गर्ने हो ।

९: ३० **छैठौं सत्र : सीप सेट पाँच- प्राकृतिक श्रोत व्यवस्थापन सीपहरु**

कृषक समुहको घरायसी खाद्यसुरक्षा, गुणस्तरीय पोषण तथा वातावरणीय परिवर्तनका लैङ्गिक विविधतायुक्त असर तथा कारणहरुमा लक्षित लाभदायी र दीगो कृषि उद्यमी विकासको लागि प्राकृतिक श्रोत व्यवस्थापनको महत्व बारे संक्षिप्त प्रस्तुतीकरण ।

१०: ३० चीया/कफी विराम

१०: ४५ क्रियाकलाप नं. ६.१: समस्याको वृक्ष विश्लेषण

नमूना अभ्यासः वातावरणकासंग सम्बन्धित वहुपक्षिय असरहरु र कारणको पहिचान गर्दै जटील समस्याहरु बुझ्न र विभिन्न प्रकारका समस्याले प्रभावित गर्न सक्ने लैङ्गिक तथा पोषण सम्बन्धी सवालहरुको अन्वेषण गर्न सहभागीहरुलाई सहयोग गर्न ।

१२: ०० **सातौं सत्र : कार्यशालको मुल्याङ्कन र समापन गतिविधीहरु**

क्रियाकलाप नं. ७.१ : कार्यशालामा प्रतिविम्बको एकत्रीकरण/समिक्षा/पूनरावलोकन

क्रियाकलाप नं. ७.२ : कार्यशालापछिको मुल्याङ्कन

क्रियाकलाप नं. ७.३ : प्रमाणपत्रको वितरण

१३: ०० खाना

समापन

# पहिलो दिन

## पहिलो सत्रः परिचयात्मक कार्यक्रम तथा मोड्युलबारे जानकारी

आयोजक संस्थाको तर्फबाट सहजकर्ताहरुले आफ्नो संक्षिप्त परिचय दिइ सहभागीहरुलाई स्वागत गर्नेछन् । सहभागीहरुले प्रक्षिक्षको रुपमा भूमिका निर्वामा लक्षित हुदै एक एक गरी परिचय गर्नेछन् । त्यसपछि सहजकर्ताले आयोजक संस्था र कार्यक्रमको बारेमा संक्षिप्त परिचय र तालिमा मोड्युल तथा कार्यशालाका मुख्य ऐजण्डा बारे संक्षिप्त परिचय दिनेछन् ।

**लक्ष्य** यो सत्रको उद्देश्य सहभागीहरुलाई कार्यशालको लक्ष्य बताउनु, सहयोगी परियोजना र यसका साझेदारहरुको बोरमा पृष्ठभूमी सूचना र तालिम मोड्युलको औचित्य प्रदान गर्नु हो । यसका अलावा यो सत्रले सहभागीहरुलाई एक आपसमा घुलमिल हुने र तिनीहरुको तालिम कार्यशालाबाट अपेक्षा आदान प्रदान गर्ने अवसर प्रदान गर्नेछ ।

**उद्देश्यहरु** यो सत्रको अन्त्यमा सहभागीहरु निम्न बमोजिम सक्षम हुनेछन् ।

- प्रशिक्षक/सहजकर्तासंग परिचित हुन ।
- एक आपसमा घुलमिल भई कार्यक्रमको पृष्ठभूमी, उद्देश्यहरु र कार्यशालाको अपेक्षित प्रतिफलसंग जानकार हुन ।
- सहयोगी परियोजनाको पृष्ठभूमी र यसको सम्पूर्ण लक्ष्य तथा उद्देश्यहरु, कल्सोठियम सदस्यहरु र देशभित्रका साझेदारहरुको बारेमा बयान गर्न ।
- कार्यशालाको अपेक्षाहरु सूचीकृत गर्न ।

**श्रोतहरु/सामग्री** कार्यशालाको एजेण्डाका प्रतिहरु, पावरप्वाइन्ट प्रस्तुती स्लाइड, प्रतेक सहभागीहरुलाई क्रियाकलाप सीट, फ्लिप चार्ट, मार्करहरु, कम्प्युटर र एलसीडी प्रोजेक्टर ।

**क्रियाकलाप** क्रियाकलाप नं. १.१ परिचय– प्रभावकारी प्रशिक्षकको गुणहरु

सहभागीहरुको लागि उनीहरुको परिचय दिन र प्रशिक्षकको भूमिकामा लक्षित गर्दै कार्यशालाको अपेक्षाहरुको संकलन सुरु गर्न एक अर्न्तक्रियात्मक विधीको प्रयोग गर्ने ।

## क्रियाकलाप नं. १.१ परिचय– प्रभावकारी प्रशिक्षकको गुणहरु

| | |
|---|---|
| **समय:** | ३०–४५ मिनेट, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरु:** | फ्लिपचार्ट कागज, मार्कर, मास्कीङ्ग टेप |
| **प्रकार:** | सहभागीहरुको पूर्वज्ञान संग जोड्दै परिचय |
| **किन:** | सहभागीहरुको फिल्डको अनुभवबाट तालिम र सहजीकरणको बारेमा विचरण र कुराकानी सुरु गर्न र एक आपसमा घुलमिल हुन । |
| **श्रोत** | "कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलन: एक सहजकर्ता निर्देशिका " । अमेरिकी सहयोग नियोगको कृषि विस्तार सेवा पद्धतिमा लैङ्गिक तथा पोषण सम्मिलन (इन्जिनास, २०१५)। http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf |

**निर्देशन**

फिल्डमा काम गर्दा एउटा प्रभावकारी सहजकर्ता वा प्रशिक्षकमा हुनु पर्ने गुणहरु सोच्न लगाउने । प्रतेक सहभागीहरुले तिनीहरुलाइ परिचित गर्नेछन् (नाम, पद, र संस्था), तिनीहरुले एउटा गुण फ्लिप चार्टमा लेख्नेछन् । (**५ मिनेट**)

उदाहरणका लागि : एउटा प्रभावकारी सहजकर्ता/प्रशिक्षक **लचिलो** हुन्छ ।

**पूर्णता**

सहजकर्ताले केही अपवादहरु र साझा गुणहरुमा प्रतिविम्वित गर्नेछन्  र समहुहरुलाई पृष्ठभूमि प्रदान गर्नेछन् । (**१० मिनेट**)

**सहजकर्ता नोट:**


सहजकर्ताले आफूले सहभागीहरुसंग आदानप्रदान गर्न चाहेको अतिरिक्त सूचना तथा जानकारी दिन सक्नेछन् । यो कि त सामाजिक वा रमाइलो प्रश्न हुन सक्छ वा यो कार्यशालको प्रकृतिमा विशिष्टीकृत हुन सक्छ जस्तै तिनीहरुले विगतमा सहयोग गरेको कार्यक्रमको प्रकार अनुसार; वा सहभागीहरुको मनपर्ने खानाको आधारमा । तपाईले आफ्नो परिचय दिए बमोजिमको उदाहरण फ्लिप चार्टमा लेख्नुहोस् । त्यसपछि सहभागीहरुलाई उनीहरुले दिएको परिचय बमोजमको गुण वा विशेषता फ्लिप चार्टमा लेख्न लगाउनुहोस् ।

कार्यशालामा सूचीलाई भित्तामा टासेर प्रदर्शन गर्नुहोस् ।

**नोट**

**छलफलका बुदाहरु**

कृषि कार्यक्रमहरुमा लैङ्गिक तथा पोषण एकिकृत गर्न सहयोग गर्नका लागि फिल्ड विस्तार प्रतिनिधिहरुलाई प्रभावकारी रुपमा सेवा तथा कार्यक्रमहरु प्रवाह गर्न यी विशेषताहरु र गुणहरु महत्वपूर्ण हुन्छन् । तपाईको लक्षित श्रोतालाई जोड्न र महिला र पुरुष दुवै किसानमा सुरु गर्न विचार गर्न सकिने श्रोत तथा साधनहरुको न्यायोचित वितरण र व्यवस्थापन, पारस्पारिक निर्णय प्रक्रिया, र घरायसी स्तर र उत्पादन दायित्वहरुको आदानप्रदान गर्नको लागि महत्वपूर्ण हुनेछ । तपाईसंग यी मध्ये केही गुणहरु पहिले नै हुन सक्छन् । तथापी अन्य उपयोगी र अपेक्षित गुणहरु यो कार्यशालाबाट तथा अन्य यस्तै प्रकारका तालिम कार्यशालाबाट सिक्न सकिन्छ ।


An effective trainer is...
Language Skill (Local)
Good listener
Good communication
Knowledge subject matter
Patience
confident
Attitude
- Background Knowledge.
- on above background desing Training materials.
- Delivery skills.
→ Motivation skils.
Motivational power.



## दोस्रो सत्र : सीप सेट एक- समुह व्यवस्थापन सीप

**लक्ष्य:** यो मोड्युलले कृषि उद्यमी विकासका लागि संगठीत भएका स्थानीय ग्रामीण कृषककहरुलाई सहयोग गर्ने र तिनीहरुको श्रोत (जस्तै: लागत, ऋण, तालिम, यातायात तथा सूचना) मा पहुँच सुधार गर्न समुहलाइ लाभ हुने कुराको वर्णन गर्नेछ । यसका अलावा यो मोड्युलले घर तथा समुदायभित्र हुने लैङ्गिक गतिशिलता तथा महिलाहरुको समयसीमा र लैङ्गिक धारणहरुमा जोड दिदै नेतृत्व स्थानमा महिलाको भूमिकाको मापन गर्नेछ ।

**उद्देश्य:** यो सत्रको अन्यमा, सहभागीहरु सक्षम हुनेछन् ।

- असल समुह व्यवस्थापनका आधारभूत पक्षहरु सूची गर्न ।
- संकलन केन्द्र तथा बजार योजना समितिमा संलग्न भई बजारमा संलग्न भएका सक्रिय कृषक समुह व्यवस्थापनको लागि आवश्यक सीपहरु सूची गर्न ।
- महिला तथा पुरुष कृषकको दृष्टिबाट समुहको सदस्य हुनुका फाइदाहरु ।
- समुहका लक्ष्यहरु प्राप्त गर्नमा नेतृत्वको महत्वबारे बुझ्न ।
- असल नेताका गुणहरु सूची गर्न र लैङ्गिक धारणाको मापन गर्न ।
- महिला तथा पुरुष कृषकहरुको घर, खेत र समुदायमा हुने भूमिका तथा दायित्वबारे सचेतना जगाउदै तिनीहरुको भूमिका र दायित्वको मापन गर्ने ।
- एउटा खास ग्रामिण महिलाको प्रजनन्, उत्पादन र समुदाय व्यवस्थापन क्रियाकलापहरु सहितको तेहोरो भूमिकाबाट तिनिहरुको समय सीमा बोध गर्न ।

**श्रोत/सामग्री:** कार्यशालाको एजेण्डाका प्रतिहरु, पावरप्वाइन्ट प्रस्तुती स्लाइड, प्रतेक सहभागीहरुलाई क्रियाकलाप सीट, फ्लिप चार्ट, मार्करहरु, कम्प्युटर र एलसीडी प्रोजेक्टर ।

**क्रियाकलापहरु:** क्रियाकलाप नं. २.१ नेतृत्व सीपहरु

अर्न्तक्रियात्मक विधीको प्रयोगबाट सहभागीहरुसंग नेतृत्व सीपबारे छलफल गर्ने- सहभागीहरुलाई यो सीप उनीहरुसंग पहिले नै छ भनी अनुभुति हुनेछ वा उनीहरु यस सीपको विकास गर्न चाहन्छन् ।

क्रियाकलाप नं. २.२ असल नेता केले बनाउछ, के लैङ्गिकले ??

कृषक समुहमा महिलाहरुको भूमिका तथा सहभागितामा लैङ्गिक बारे मानसिक भावको प्रभाव सहभागिलाइ अनुभुति गराउनका लागि रमाइलो तरिकाले अर्न्तक्रिया गराउने ।

क्रियाकलाप नं. २.३ कसले के गर्छ ??

नमूना अभ्यास-घरमा, खेत र समुदायमा दैनिक क्रियाकलापहरुको असमान वितरणको प्रभाव विश्लेषण गर्न: सबै कृषक समुहहरुमा सन्तुलित सहभागिता प्रेरित गर्ने विधी अपनाउने: महिला र पुरुष किसानहरुबीच गर्न सकिने एउटा सामान्य प्रकारको लैङ्गिक विश्लेषण प्रदर्शन गर्ने: यो क्रियाकलापले सहभागीहरुमा कार्यशालाको संस्कृति तथा समुह र घरपरिवारको निश्चित परिवेशमा महिला तथा पुरुषको जिम्मेवारी र भूमिका र लैङ्गिक गतिशिलता बारे राम्रो बुझाई हुनेछ ।

# PowerPoint पाठ

अध्ययनहरुले कृषक समुहहरु चुस्त आन्तरिक प्रजातान्त्रिक व्यवस्थापन तथा तिनिहरुको स्थानीय र क्षेत्रीय बजार संलग्न गर्दै दीगो सफलताको लागि आधारभूत समुह व्यवस्थापन सीपको महत्व देखाएका छन् । ती आधारभूत सीपहरु देहाय बमोजिम छन् ।

- स्थापित मुल्य, मान्यता र नियमानुसार सदस्यहरुको छनौट
- अभिलेखीकरणमा जोड दिदै समुहको लक्ष्य तथा उद्देश्यहरुको परिभाषित र तयार गर्नु
- नियमित क्रियाकलाप र भावी कार्यक्रम बारे छलफल गर्न र वृहत रुपमा सदस्यहरुलाई सीकाई आदानप्रदान गर्न बैठक वस्नु ।
- व्यवस्थापकीय पदहरुको आवधिक निर्वाचन तथा सो जिम्मेवारीको समयरेखा निर्धारण
- योजना निर्माण र क्रियाकलापको कार्यान्वयन
- कर्मचारी र अन्य सदस्यलाई उनीहरुको कर्तव्य प्रति जवाफदेही राख्नु
- आन्तरिक बचतको स्थापना र समुहहरुको समग्र उद्देश्य अनुसार प्रतेक सदस्यको अनिवार्य रुपमा अभिलेखीकरण र अनुगमनका लागि पारदर्शी सहभागितामूलक विधीको प्रयोग गर्दै ऋण प्रवाह गर्नु
- समुहको दरो आन्तरिक विश्वास र एकरुपता प्रवर्द्धन गर्नका लागि समुहको कार्यसम्पादन तथा  प्रगतिको मुल्याङ्कन गर्न पृष्ठपोषण संयन्त्रको निर्माण गर्ने
- ग्रामीण समाजका महिला तथा न्यून स्तर भएका समेत सबै सहभागीहरुलाई सशक्त गर्नका लागि सबै सदस्यहरुको आवाज सक्षम गर्नु ।

गरिब ग्रामीण कृषकहरु प्राय अशिक्षित हुन्छन र बजार संग सफलतापूर्वक संलग्न हुनका लागि सीप सेटको पनि अभाव हुन्छ । वित्तीय र भौतिक पूजीको अभाव, बजार सूचनाको पहुँचको अभाव, व्यापारी र अन्य मध्यस्तकर्तासंग सम्झौता गर्ने क्षमताको अभाव तथा मुल्य श्रृंखलामा अन्य पक्ष संग जोडीनको लागि ज्ञानको अभावहरु साझा बाधकको रुपमा रहेका छन् । बजार संग सम्बद्ध सक्रिय कृषक समुहका मुख्य ६ वटा विशेषताहरु देहाय बमोजिम छन् । (CRS and CIAT 2007).

- तत्कालिन र दीर्घकालिन लाभसहितको आदनप्रदान गरिएको दुरदृष्टि हुन्छ । उदाहरणका रुपमा साझा दुरदृष्टीले बृहत उपभोक्ताको आधार भएका क्रेतालाइ आवश्यक उपयुक्त आयतनको कृषि उत्पादन गर्नका लागि साझा बजारीकरणका रणनीतिहरु समेट्दछ ।
- पारदर्शिता र जवाफदेहीताको प्रवर्द्धन गर्दै आपसी विश्वास हुनुपर्दछ ।
- पारस्परिक सहयोगको माध्यमबाट आन्तरिक द्धन्दको समाधान गर्न सक्षम ।
- बाह्य सहयोग र कोषको निर्भरता न्यून गर्नका लागि आन्तरिक शेअर दिने ।
- प्रजातान्त्रिक व्यवस्थापन र सबै समुह सदस्यहरुले निर्णय गरेका निर्णय पालन गर्ने सक्षमता भएको ।
- सबै समुह सदस्यहरुमा समावेशीकरण यसकारण सबै सदस्यले निर्णय प्रक्रियामा अडान राख्न सकुन ।

बजारसंग सम्बद्ध कृषक समुहहरुमा महिलाहरुलाइ आवद्ध गर्न सहयोग गर्नु आधारभूत कार्यहरु हुन् ताकी महिलाको कृषि तथा वित्तीय श्रोतहरुमा पहुँच वृद्धि गर्न र आम्दानीबारे निर्णय प्रक्रियामा महिलाहरुको ठुलो प्रभाव सहित सशक्तीकरण गर्न सकियोस् । विश्व भरीका अवस्था अध्ययनले यो देखाएका छन् की जब कृषक समुहहरु प्रभावकारी रुपले एकिकृत गरिन्छ तव बजारको कार्यसम्पादन सुधार हुन्छ ।

प्रतेक सक्रिय कृषक समुहलाई प्रभावकारी नेता आवश्यक पर्छ जो प्रजातान्त्रिक रुपले चुनिएका र सबै सदस्यहरु प्रति आफ्नो कार्य र निर्णयमा जवाफदेही हुन्छन । समुहमा नेतृत्व भनेको सामाजिक प्रभाव र सम्बन्ध मात्र हो नकी औपचारिक पद वा शक्ति हो । सकारात्मक प्रभावको माध्यमद्धारा सदस्यहरुलाई निश्चित लक्ष्य प्राप्तीका लागि समुहमा काम गर्न प्रेरित गर्दै प्रतेक सदस्यको व्यक्तिगत लक्ष्यलाई समुहको वृहत लक्ष्यमा जोड्ने क्षमता नेता संग हुन्छ । यसका अलावा, नेतृत्व सीप निर्माणले कृषक समुहमा महिला कृषकहरुको मुल्य श्रृंखलामा पक्षहरुसंग वकालत मात्र गर्ने क्षमताको सुधार गर्दैन बरु समुदाय तथा समुहमा अतिरिक्त दायित्व लिनका लागि आफ्ना श्रीमान तथा घरपक्षका संग सम्झौता वकालत गर्न सक्छन् । अध्ययनहरुले विकसित पोषण प्रतिफलका लागि घरायसी निर्णय प्रक्रियामा महिलाहरुको सशक्तिकरणको महत्व देखाएका छन् । त्यसैले, दरो नेताले समुहको सम्पूर्ण सकारात्मक कार्य सम्पादनको लागि आफ्नो समुह भित्र लैङ्गिक एकताको लागि समर्पित हुनुपर्दछ । उदाहरणका लागि, के समुह नेताले महिला र पुरुष दुबैका योगदान र भूमिका समान रुपले महत्वपूर्ण हन्छन् भनी सञ्चार गर्छन् ? के प्रतेक निर्णय प्रक्रियको चरणमा महिला र पुरुष सहभागीताको स्पष्ट नियमहरु र अपेक्षाहरु हुन्छन् ?

कृषक समुहभित्र समुहले विभिन्न नेतृत्वपदको (जस्तैः अध्यक्ष, सचीव र कोषाध्यक्ष आदी) बारेमा निर्णय गर्नुपर्दछ र मानिसहरुलाइ उक्त पदमा निर्वाचित गर्नुपर्दछ । कुनैपनि समाजमा, जरुरी छैन की कति विकसित छ, लैङ्गिक बारेमा हाम्रा व्यक्तिगत अवधारणाले हामी जसरी महिला र पुरुषलाई नेतृत्व भूमिकामा मनन गर्छौ त्यसरी नै प्रभाव पार्दछ । उदाहरणका लागि, गुणहरु जस्तै "हुकुमी", र "बलियो" पुरुषलाई जनाउने गुणहरु हुन भने "नम्र" वा "अलिकति" जस्ता गुणहरुले महिलालाई जनाउछन् । त्यसैले, खास ग्रामीण समुदायका महिला कृषकहरुलाई आफ्नो नेतृत्व सम्भाव्यता विकास गर्ने थारै अवसरहरु मात्र पाएका हुन सक्छन् । महिला सहभागीता र निर्णय प्रक्रियामा प्रभावलाई बाधा पुरयाउने तत्वहरु बोध गर्न यस्ता खालका लैङ्गिक मानसीक भाव निकाल्न महत्वपूर्ण हुन्छ ।

**नोटः**

सहभागीहरुलाई विचार तथा श्रोतको आदानप्रदान गर्न प्रेरित गर्न यो सत्रमा सोधिने प्रश्नहरु देहाय बमोजिम छन् ।

- कृषक समुहमा महिला कृषको सहभागीताले कसरी सम्पुर्ण समुहको कार्यसम्पादनमा प्रभाव पार्दछ ?
- समुह व्यवस्थापनमा समग्र सफलता र लैङ्गिक समताको मात्राको वीचमा कुनै सम्बन्ध छ ?
- समुहले बजार गतिविधीमा कति राम्रो कार्यसम्पादन गर्नसक्छन र कृषक समुहभित्र, तथा कृषक समुह र मुल्य श्रृंखलामा अन्य प्रतिनिधीहरुवीचको कार्यसम्पादनमा कुन तत्वले प्रभाव गर्दछ ?

लैङ्गिक तथा सीमान्तकृत समुदायको समावेशीकरण, संकलन केन्द्र र सहकारीमा संलग्न कृषक समुहको सशक्तिकरणमा विशेष जोड दिनका लागि माथीका बुदाहरु छलफल गर्नुहोस् ।

## क्रियाकलाप नं. २.१: नेतृत्व सीपहरु

प्रतेक सक्रिय कृषक समुहलाई प्रभावकारी नेता आवश्यक पर्छ जो प्रजातान्त्रिक रुपले चुनिएका  र सबै सदस्यहरु प्रति आफ्नो कार्य र निर्णयमा जवाफदेही हुन्छन ।

सकारात्मक प्रभावको माध्यमद्धारा सदस्यहरुलाई निश्चित लक्ष्य प्राप्तीका लागि समुहमा काम गर्न प्रेरित गर्दै प्रतेक सदस्यको व्यक्तिगत लक्ष्यलाई समुहको वृहत लक्ष्यमा जोड्ने क्षमता नेता संग हुन्छ ।

**समय:** ३०–४५ मिनेट, सहभागीहरुको संख्याका आधारमा

**सामग्रीहरु:** फ्लिपचार्ट कागज, मार्कर, मास्कीङ्ग टेप

**किन:** सहभागीहरु एक आपसमा घुलमिल हुन र सफल समुह व्यवस्थापनका लागि आवश्यक नेतृत्व भूमिकाहरु र गुणबोर विचरण गर्न र छलफल गर्न सुरु गर्न ।

श्रोत "मध्य एसिया र उत्तर अफ्रिकामा महिला समुह संग काम गर्नका लागि *MEAS* तालिम निर्देशिका २०१४ विस्तार र परामर्श सेवाहरुको आधुनिकीकरण (*MEAS*) परियोजना (२०१४). *http://www.meas-extension.org/meas-offers/training/mena*

**निर्देशन :** सहभागीलाई तिनीहरुको जोडीलाई सामना गर्न ठीक जोडा बनाउन लगाउनुहोस् । तिनीहरुलाई एक आपसमा परिचित हुन लगाउने र सहभागीहरुलाई नेतृत्व सीप उनीहरुसंग पहिले नै छ भनी अनुभुति हुनेछ वा उनीहरु यस सीपको विकास गर्न चाहन्छन् । छलफल पश्चात, प्रतेक जोडा उनीहरुको जोडी परिचय गर्न लगाउने र उसले/उनले श्रोतलाई दिएको जवाफ सूचीकृत गर्ने । (**५ मिनेट**)

**पूर्णता :** प्रतेक समुहले आफ्नो सूची प्रस्तुत गरेपश्चात, सहजकर्ताले केही अपवादहरु र साझा गुणहरुमा प्रतिविम्वित गर्नेछन्  र समहुहरुलाई पृष्ठभूमि प्रदान गर्नेछन् । सहभागीहरुलाई देहायका प्रश्नहरु सोध्नेछन् । (**१० मिनेट**)

- कृषक समुहमा कुन तरिकाले निर्णय प्रक्रियाको भूमिका सबै सदस्यहरुमा अहिलेको भन्दा बढी समतामूलक र सन्तुलित हन्छ ?
- कृषक समुहमा महिला र पुरुषबीचका नेतृत्व भूमिको असमान वितरण र सहभागीताको असरहरु के के हुन ?
- कृषक समुहमा एउटाले समुह सदस्यको दायित्व र कार्यकारी पदहरुको बाँडफाड गर्नका लागि ती परिणामको प्रयोग कसरी गर्न सक्छ ?
- महिला र पुरुष कृषकहरुको अधिकतम सहभागीता सुनिश्चित गर्नका लागि तालिमहरुको योजना तथा प्रारुप निर्माण गर्न ती परिणामको प्रयोग एउटा विस्तार प्रतिनिधिले कसरी गर्न सक्छ ?

**सहजकर्ता नोटः** सहजकर्ताले आफूले सहभागीहरुसंग आदानप्रदान गर्न चाहेको अतिरिक्त सूचना तथा जानकारी दिन सक्नेछन् । यो कि त सामाजिक वा रमाइलो प्रश्न हुन सक्छ वा यो कार्यशालको प्रकृतिमा विशिष्टीकृत हुन सक्छ जस्तै सहभागीहरुले विगतमा बहन गरेको वा हाल बहन गरिरहेका नेतृत्वको भूमिकाको प्रकार वा उनीहरुको मनपर्ने खाना ।




**नोटः**

**छलफलका बुदाहरु**

सबै नेतृत्वका सबल गुणहरु अपेक्षित र उपयोगी हुदाहुदै पनि केही कमजोर नेतृत्व गुणका कारणले त्यहाँ केही त्यस्ता उदाहरण पनि छन् जसले समुहको कार्य सम्पादनलाई दुख दिन्छ जस्तैः निरंकुशता, कमजोर र अनिर्णित, श्रोत तथा कोषको कूव्यवस्थापन  तथा द्वन्द र समहुभित्रको नेतृत्वको आपसी बैमन्यष्यता ।

## क्रियाकलाप नं. २.२ असल नेता केले बनाउछ, के लैङ्गिकले ??

अध्ययनहरुले विकसित पोषण प्रतिफलका लागि घरायसी निर्णय प्रक्रियामा महिलाहरुको सशक्तिकरणको महत्व देखाएका छन् । नेतृत्व सीप निर्माणले कृषक समुहमा महिला कृषकहरुको मुल्य श्रृंखलामा पक्षहरुसंग वकालत मात्र गर्ने क्षमताको सुधार गर्दैन बरु समुदाय तथा समुहमा अतिरिक्त दायित्व लिनका लागि आफ्ना श्रीमान तथा घरपक्षका संग सम्झौता वकालत गर्न सक्छन् । कुनैपनि समाजमा, जरुरी छैन की कति विकसित छ, लैङ्गिक बारेमा हाम्रा व्यक्तिगत अवधारणाले हामी जसरी महिला र पुरुषलाई नेतृत्व भूमिकामा मनन गर्छौ त्यसरी नै प्रभाव पार्दछ । उदाहरणका लागि, गुणहरु जस्तै "हुकुमी", र "बलियो" पुरुषलाई जनाउने गुणहरु हुन भने "नम्र" वा "अलिकति" जस्ता गुणहरुले महिलालाई जनाउछन् । त्यसैले, खास ग्रामीण समुदायका महिला कृषकहरुलाई आफ्नो नेतृत्व सम्भाव्यता विकास गर्ने थारै अवसरहरु मात्र पाएका हुन सक्छन् । महिला सहभागीता र निर्णय प्रक्रियामा प्रभावलाई बाधा पुरयाउने तत्वहरु बोध गर्न यस्ता खालका लैङ्गिक मानसीक भाव निकाल्न महत्वपूर्ण हुन्छ ।

| | |
|---|---|
| **समय:** | ३०–४५ मिनेट, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरु:** | फ्लिपचार्ट कागज, मार्कर, मास्कीङ्ग टेप |
| **किन:** | कृषक समुहमा महिलाहरुको भूमिका र सहभागीतामा लैङ्गिक मानसिक भावको प्रभाव बोध गर्न । |

**चरणहरु:**

- क्रियाकलापको शिर्षक, उद्देश्यहरु, र संक्षिप्त परिचयको समिक्षा गर्नुहोस् । (**५ मिनेट**)
- एक देखी छ अंक दिएर प्रतेक सहभागीहरुलाई छ वटा समुहमा विभाजन गर्नुहोस् र प्रतेक समुहलाई अलग अलग कार्य दिनुहोस् । प्रतेक समुहमा निष्पक्ष समान संख्या हुने गरी समायोजन गर्नुहोस् । (**५ मिनेट**)
- कृषक समुहभित्रका असल र प्रभावकारी नेतृत्वका गुणहरु फ्लिप चार्टमा सूचीकृत गर्नहोस् र काम गर्नका लागि प्रतेक चार्टलाई प्रतेक समुहमा दिनुहोस् । प्रतेक समुहलाई प्रतेक गुणको पछाडी पुरुष वा महिला वा दुबै लेख्न लगाउनुहोस् । (**१० मिनेट**)

**विराम:** सहजकर्ता र सहभागीहरुले समानता र भिन्नतामा छलफल गर्नेछन्, किन, कृषक समुह, संकलन केन्द्र, बजार योजना समिति र सामुदायिक व्यवसाय सहजकर्ताका सन्दर्भमा कसरी हल गर्न सकिन्छ । (**२० मिनेट**)

सहभागीलाई देहायका प्रश्नहरु सोध्नुहोस् ।


- कृषक समुहका महिला कृषकका लागि नेतृत्व र निर्णय प्रक्रियामा भूमिकाको अवसरका लागि लैङ्गिक मानसिक भावको के प्रभाव हुन्छ ? पुरुष कृषकका लागि ?
- कृषक समुहको समग्र कार्यसम्पादन र सफलतामा लैङ्गिक मानसिक भाव र लैङ्गिक समताको के प्रभाव हुन्छ ?
- के ती मानसिक भावहरु लक्षित दुवै पुरुष र महिला कृषकहरुमा सचेतना र तालिमद्धारा हल गर्न सकिन्छ ? कस्ता प्रकारका तालिमहरु ?

**सहजकर्ता नोटः** घटनाको समयसीमामा, यो क्रियाकलापलाई मतदान विधीबाट पनि गर्न सकिन्छ । फ्लिपचार्ट राख्नुहोस् र सहभागीहरुलाई महिला वा पुरुष वा दुबैमा मतदान गर्न हात उठाउन लगाउनुहोस् । मत गणना गर्नुहोस् र निश्चित गुणहरुको छेउमा मतसंख्याको सूची गर्नुहोस् । सबै मतगणना पश्चात, किन र कसरी कृषक समुह, संकलन केन्द्र, बजार योजना समिति र सामुदायिक व्यवसाय सहजकर्ताका सन्दर्भमा सीमाहरु हल गर्न सकिन्छ, छलफल गर्नुहोस् ।

**नोटः**

**छलफलका बुदाहरु**

आधुनिक समाजका विरुद्ध ग्रामीण समाजमा लैङ्गिक मानसिक भाव छलफल गर्नुहोस् र यस्तो भिन्नताहरु (शिक्षा, हालका लैङ्गिक मिथक, सामाजिक मान्यता, संस्कृति, जात) के कारणले हुन्छ सोको मापन गर्नुहोस् । कृषक समुहका महिला कृषकका लागि नेतृत्व र निर्णय प्रक्रियामा भूमिकाको अवसरका लागि लैङ्गिक मानसिक भावको के प्रभाव हुन्छ ? के ती मानसिक भावहरु लक्षित दुवै पुरुष र महिला कृषकहरुमा सचेतना र तालिमद्धारा हल गर्न सकिन्छ ?






## क्रियाकलाप नं. २.३ कसले के गर्छ ?

दैनिक रुपमा घर, खेत र समुदायमा “कसले के गर्छ” भन्ने मापन गर्न महत्वपूर्ण हुन्छ त्यसकारण निश्चित सन्दर्भ र संस्कृतिमा महिला र पुरुषका विभिन्न भूमिका र दायित्वहरु बोधमा विकास गर्न सकिन्छ । सदस्यहरुद्धारा गरिने सक्रिय कार्यहरुको सम्बन्धमा कृषक समुहको कार्यसम्पादनलाई प्रभाव पार्ने तत्व र प्रक्रियाको मुल्याङ्कन गर्दा पनि यो महत्वपूर्ण हुन्छ । हालका लैङ्गिक भूमिकाहरु पहिचान गर्नाले विषम लैङ्गिक असमानताहरु, समुदायको गतिशिलता तथा महिलाको लगानी र श्रोतको पहुँचमा सहयोग गर्ने कृषक समुहमा सक्रिय सहभागी हुन रोकथाम गर्ने समयसीमा बताउछ । उदाहरणका लागि, समुदायमा महिलाको भूमिका, जहाँ तिनीहरुको निर्णय प्रक्रियामा सीमित भूमिका हन्छ, ले कृषक समुहको लैङ्गिक गतिशिलता प्रतिविम्वित गर्छ । सफल कृषक समुहको कार्यसम्पादन निर्णय प्रक्रियामा सक्रिय सहभागीता र समुहका सदस्यहरुको स्पष्ट भूमिका तथा दायित्वमा निर्भर हुन्छ । “कसले के गर्छ” भन्ने कुरा पहिचान गर्ने र अभिलेखीकरण गर्ने कार्य निश्चित सन्दर्भ र संस्कृतिमा लैङ्गिक मानसिक भावमा आधारित असमानताहरु सम्बोधन गर्ने पहिलो चरण र प्रारम्भिक लैङ्गिक विश्लेषण सञ्चालन गर्ने विधी हुन सक्छ ।

| | |
|---|---|
| **समयः** | १–२ घण्टा, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरुः** | फ्लिपचार्ट कागज, रङ्गिन मार्कर, मास्कीङ्ग टेप, क्रियाकलापको शिर्षक, उद्देश्य र निर्देशन सहितको फ्लिपचार्टः महिलाका लागि रातो, पुरुषका लागि निलो र दुबैका लागि हरियो । |
| **किनः** | घर, खेत र समुदायमा दैनिक क्रियाकलापहरुको असमान वितरण; र सबै कृषक समुह सदस्यहरुमा अहिलेको भन्दा बढी सन्तुलित सहभागीता प्रेरित गर्ने विधीहरु विश्लेषण गर्न । कार्यशाला सहभागीहरुको निश्चित परिस्थिति र संस्कृतिमा कृषक समुह र घरभित्र महिला तथा पुरुषहरुको भूमिका र लैङ्गिक गतिशिलताको व्यापक बुझाई प्रदान गर्नेछ । |
| **श्रोतः** | “कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलनः एक सहजकर्ता निर्देशिका २०१५ ।अमेरीकी सहयोग नियोग कृषि विस्तार प्रणालीमा लैङ्गिक र पोषणको सम्मिलन *(INGENAES), 2015. http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf* |

**चरणहरुः**

- क्रियाकलापको शिर्षक, उद्देश्यहरु, र संक्षिप्त परिचयको समिक्षा गर्नुहोस् । (**५ मिनेट**)
- एक देखी छ अंक दिएर प्रतेक सहभागीहरुलाई छ वटा समुहमा विभाजन गर्नुहोस् र प्रतेक समुहलाई अलग अलग कार्य दिनुहोस् । प्रतेक समुहमा निष्पक्ष समान संख्या हुने गरी समायोजन गर्नुहोस् । (**५ मिनेट**)
- कृषक समुहभित्रका असल र प्रभावकारी नेतृत्वका गुणहरु फ्लिप चार्टमा सूचीकृत गर्नहोस् र काम गर्नका लागि प्रतेक चार्टलाई प्रतेक समुहमा दिनुहोस् । प्रतेक समुहलाई प्रतेक गुणको पछाडी पुरुष वा महिला वा दुबै लेख्न लगाउनुहोस् । (**१० मिनेट**)

  समुहलाई देहाय बमोजिमको कार्य दिनुहोस् ।

  समुह १ र २– **घरमा** हुने दैनिक गतिविधिहरु जस्तै खाना पकाउने वा कपडा धुने ।

  समुह ३ र ४– **खेतमा** हुने दैनिक गतिविधिहरुजस्तै बगैचा चार्ने वा जनावरलाई खुवाउने ।

  समुह ५ र ६– **समुदायमा** हुने दैनिक गतिविधिहरुजस्तै बजारमा तरकारी बेच्ने वा कृषक समुह बैठकमा उपस्थिति जनाउने ।

- प्रतेक समुहलाई एक/दुई फ्लिप चार्टको सिट, मार्कर दिनुहोस् । प्रतेक समुहलाई घर, खेत र समुदायमा हुने दैनिक गतिविधिहरु सूची गर्न र लेख्न लगाउनुहोस् । केही उदाहरणहरु दिनुहोस् । (**३० मिनेट**)

**घर**
घर सफा गर्ने
परिवारलाई खाना खुवाउने
खाना तयार गर्ने वा पकाउने
दाउरा वा इन्धन जम्मा गर्ने
पानी ल्याउने
घरको मर्मत गर्ने
बच्चाबच्चीलाई नुहाइदिने

**खेत**
पशुचौपाय गोठ सफा गर्ने
आलू रोप्ने
धान स्याहार्ने
गाई दुहुने
अण्डा जम्मा गर्ने
माछा वा पशुचौपायलाई दाना दिने


**समुदाय**
खानाको लागि किनमेल गर्ने
निर्वाचनको बेला मतदान गर्ने
कृषक समुह बैठकमा उपस्थिति
धार्मिक क्रियाकलापमा उपस्थिति
विवाह तथा काजक्रियामा सहभागी हुने
बजार वा संकलन केन्द्रका विक्री गर्ने

- लेख्ने कार्य पश्चात, प्रतेक समुहलाई देहायको कार्य पुरा गर्न लगाउनुहोस् । (**५ मिनेट**)
  प्रायजसो महिला वा केटीले गर्ने गतिविधीलाई **रातो** मार्करले गोलो घेरा लगाउनुहोस् र जम्मा गर्नुहोस् ।
  प्रायजसो पुरुष वा केटाले गर्ने गतिविधीलाई **नीलो** मार्करले गोलो घेरा लगाउनुहोस् र जम्मा गर्नुहोस् ।
  प्रायजसो कि त महिला वा कि त पुरुष दुवैले गर्ने गतिविधीलाई **हरियो** मार्करले गोलो घेरा लगाउनुहोस् र जम्मा गर्नुहोस् ।
- प्रतेक समुहको कार्यलाई भित्तामा टाँसेर प्रदर्शन गर्न लगाउनुहोस् । उस्तै कार्य गरेका कुनै दुई समुहलाई अगाडी आई संक्षिप्त प्रस्तुती गर्न लगाउनुहोस् । (**५ मिनेट**) तिनीहरुले पत्ता लगाएका


परिणामको तुलना र भिन्नता छुट्याउन लगाउनुहोस्, आवश्यकताअनुसार श्रोतहरुलाई केही थप गर्न र सूचीकृत क्रियाकलापमा स्पष्ट हुन लगाउनुहोस् । **(१० मिनेट)**

**विरामः** सबै समुहको प्रस्तुती पश्चात, सहभागीहरुलाई देहायका प्रश्नहरु सोध्नुहोस् । **(३० मिनेट)**

- सबैभन्दा बढी काम कसले गर्दैछ ? (श्रमको वर्गिकरण–समता विरुद्ध समानता)
- कुन गतिविधिहरुका लागि सबैभन्दा बढी शारीरिक चाहिन्छ ? (शक्ति खर्च)
- दिनमा सबैभन्दा बढी समय लाग्ने गतिविधि कुनचाँही हो ? (शक्ति खर्च)
- कसले प्रतेक गतिविधि परिवारको कुन सदस्यले गर्ने निर्णय गर्छ ? (निर्णय प्रक्रिया)
- परिवारका लागि कुनचाँही गतिविधिले आय सिर्जना गर्दछ ?
- खर्च कसरी गर्ने भन्ने निर्णय कसले गर्दछ ? (निर्णय प्रक्रिया)
- दैनिक गतिविधिका असमान वितरणका प्रभावहरु के हुन् ?
- कसरी दैनिक गतिविधिहरु घरका सबै सदस्यहरुका लागि समतामूलक र सन्तुलित गर्न सकिन्छ ?
- कृषक समुहमा सदस्यहरुको दायित्व र कार्यकारी पद बाँडफाँड गर्न ती परिणामहरुको प्रयोग कसरी गर्न सकिन्छ ?
- विस्तार प्रतिनिधीले महिला तथा पुरुष कृषकहरुको अधिकतम सहभागीता सुनिश्चित गर्नका लागि तालिमको प्रारुप तयार गर्न र योजना गर्न यि परिणामहरुको प्रयोग कसरी गर्न सक्छ ?




ग्रुप-२
* घर
कामहरु
पानी लिन जाने
घर सफा गर्ने
महिला
महिला/पुरुष


घरायसी कार्यहरु
(१) नित्यकर्म,
(२) घरको सरसफाई
(३) वस्तुभाउलाई कुँडो,
(४) चिया नास्ता बनाउने, खाने
(५) घाँसपात, खेतबारीको काम,
(६) खाना बनाउने, खुवाउने,
(७) स्कूल पठाउने,
(८) कार्यालय / ज्यालामजदुरी / गोठालो
खेतबारी जाने, (हलो)
(९) दिउँसोको खाजा बनाउने,
(१०) छोराछोरीको स्याहार सुसार
(११) बस्तुभाउको घाँसपात,
(१२) साँझको खाना बनाउने,
(१३) सरसफाई
(१४) खाना खाने
(१५) टि.भि./रेडियो हेर्ने सुन्ने
(१६) सुत्ने
समूह - ६
(रमेश, अमृत, चक्र र राम)

## तेस्रो सत्र : सीप सेट दुई-व्यवसाय र बजारीकरण सीप

**लक्ष्य:** यो मोड्युलले बजारीकरण, मुल्य वृद्धि कृषि–उद्यमी र मुल्य श्रृंखलाको अवधारणा बर्णन गर्नेछ । यो सत्रले कृषक समुहले कसरी गुणस्तरीय बजारीकरण सीपहरुको माध्यमद्धारा बजार अवसरहरुको पहिचान गर्दै र मुल्य श्रृंखलामा उपभोक्ता तथा अन्य प्रतिनिधीहरुसंग संलग्न गर्दै कृषकहरुको आयस्तरमा वृद्धि गर्न सकिन्छ भन्ने बारे छलफल गर्नेछ । यो सत्रले महिलाहरुको लगानी, प्रविधी, बजार सूचना र सेवाहरुमा पहुँचमा जोड दिदै मुल्य श्रृंखलामा महिलाहरुको सहभागीतामा भएका अवसर र सीमाहरुको मापन गर्नेछ र लैङ्गिक सवालहरुले कृषि र पोषण सम्बन्धमा कसरी प्रभाव पार्दछ भन्ने बारे बुझाई हुनेछ ।

**उद्देश्यहरु:** यो सत्रको अन्त्यमा सहभागीहरु सक्षम हुनेछन् ।

- बजारीकरणको अवधारणा र बजारीकरण प्रक्रिया व्यवस्थापनमा संलग्न तत्वहरु बुझ्न ।
- मुल्य श्रृंखलामा उत्पादन देखी उपभोग सम्मका प्रतेक प्रतिनिधीहरुलाइ लाभदायक हुने खर्च र लाभ सहितका विभिन्न बजारीकरणका माध्यमहरुको मापन गर्न ।
- सहकारीहरु, संकलन केन्द्रहरु, बजार योजना समितिहरुमा संलग्नताद्धारा उत्पादनको बजारीकरण गरिरहेका कृषक समुहहरुका लागि आवश्यक महत्वपूर्ण आधारभूत सीप र गतिविधीहरुको सूची गर्न ।
- कृषक समुहहरुको कृषि उत्पादनलाई बजारमा सफलतापूर्वक स्थान दिन आवश्यक विभिन्न समुह तथा विभिन्न बजारीकरण तत्वहरुको रुपमा बनाउन कृषकका समुहहरुले गर्नेपर्ने विभिन्न प्रकारका चाहना र निर्णयहरुको बयान गर्न ।
- मुल्य वृद्धि कृषिको अवधारणा बुझ्न र कृषि उत्पादनमा मुल्य वृद्धि गर्नका लागि विभिन्न विधीहरु बयान गर्न ।
- कृषि मुल्य श्रृंखलाका विभिन्न चरणहरुमा महिलाले खेल्ने भूमिका तथा महिला सहभागीता वृद्धि गर्नका लागि मुल्य श्रृंखलाको विस्तारीकरण र विकासमा लैङ्गिक र पोषण विचारहरुको महत्व वर्णन गर्न ।
- महिलाहरुको सहभागीता र बजार पहुँच वृद्धि गर्नका लागि मुल्य श्रृंखलामा महिलाका आवश्यकता सम्बोधन गर्न विशिष्ट सिफारिस सूची गर्न ।
- लैङ्गिक सवालहरुले कृषि र पोषण सम्बन्धमा कसरी प्रभाव पार्दछन्, बुझ्न ।

**श्रोत/सामग्री:** कार्यशाला एजेण्डाको प्रतिहरु, पावरप्वइन्ट र मुल्य श्रृंखला क्रियाकलाप सीट (प्रतेक सहभागीका लागि), फ्लिप चार्ट, मार्करहरु, ५० खाली रङ्गिन कागज (५" x ८"), कम्प्युटर, एससीडी प्रोजेक्टर

**क्रियाकलाप:** ३.१ : कृषि मुल्य श्रृंखलामा लैङ्गिक र पोषण

नमूना अभ्यास : कृषि उद्यमीको लागि मुल्य श्रृंखला सिर्जना गर्न र मुल्य श्रृंखलाको प्रतेक चरणमा लैङ्गिक र पोषणलाई एकिकृत गर्ने विधीहरुको खोजी गर्न, मुल्य श्रृंखलाको प्रतेक चरणमा श्रोतमा कस्को पहुँच र नियन्त्रण छ, कसले निर्णय गर्छ र कसले काम गर्छ.....भन्ने कुराको जोड दिने र फिल्डमा महिला र पुरुष किसानसंग कार्यान्वयन हुने सामान्य क्रियाकलापको प्रदर्शन गर्ने ।

## PowerPoint पाठ

यो मोड्युलले कृषक समुहको विक्रय मुल्य सुधार र उच्च लाभ प्राप्त गर्दै बजारमा सफलतापूर्वक संलग्न गर्नका लागि आवश्यक आधारभूत बजारीकरण र व्यवसायिक सीपमा जोड दिनेछ । महिलाको भूमिका, लगानी, प्रविधी, बजार सूचना र सेवामा महिलाको पहुँचमा जोड दिदै मुल्य श्रृंखलाका विभिन्न चरणहरुमा लैङ्गिक तथा पोषण क्रियाकलापहरु समाकलित गर्नका लागि विभिन्न तरिकाहरु हेर्न कृषि मुल्य श्रृंखलाको मापन गरिनेछ ।

आधारभूत व्यावसायिक तथा बजारीकरण सीपहरुले बजारको माग अनुसार , विक्रयका लागि पर्याप्त आयतनको उत्पादन गर्न, कृषकको उत्पादनका लागि निष्पक्ष विक्रय मुल्य प्राप्त गर्न र उच्च लाभ प्राप्त गर्नका लागि प्रभावकारी उत्पादन गर्न गरीव ग्रामीण कृषकहरुलाई तयार गर्नेछन् । त्यसर्थ, संकलन केन्द्र/सहकारीमा संलग्न कृषक समुहहरुको राम्रो आधारभूत सीप हुनेछ जब तिनीहरुले देहाय बमोजिम गर्न सक्नेछन् (CRS and CIAT 2007)।

- बजारको मागलाई सन्तुष्ट गर्नका लागि लाभदायी बजार अवसरहरुको पहिचान र विश्लेषण गर्न सक्नु ।
- विक्रय र संयुक्त रुपमा उत्पादनको बजारीकरण गर्नको लागि पर्याप्त आयतनमा कृषि उत्पादन गर्नु ।
- क्रेताले अपेक्षा गरेको गुणस्तर, मुल्य र समय सहित उपभोक्तको माग (उदाहरणका लागि, राम्रो बजार प्रदर्शन, पखालीएको उत्पादन, प्याकेजसहितको उत्पादन) सन्तुष्ट गर्नका लागि कृषि उत्पादनमा बजार मुल्य वृद्धि गर्नु ।
- क्रेता र विक्रेता सहितको बजार सम्बन्धहरुको सञ्जाल बनाउनु, गरिब कृषकहरुको वकालत क्षमतामा सुधार गर्न र बजार पहुँचका बाधाहरुलाई चुनौति दिन र कृषकहरुको उत्पादनका लागि उपयुक्त मुल्य प्राप्त गर्न सहयोग गर्नका लागि वकालत क्षमता प्राप्त गर्नु ।
- मुल्य श्रृंखलामा विभिन्न खर्च, उत्पादन खर्च, आय, नाफा, र नोक्सानको मार्ग देखाउने अभिलेख राख्नु ।
- बजार मागलाई सन्तुष्ट गर्नका लागि उपयुक्त प्रविधिहरुले खेत उत्पादन तथा बालीनाली स्याहार्ने अभ्यासहरुको व्यवस्था मिलाउनु ।

बजारीकरण "एउटा सामाजिक प्रक्रिया जसद्धारा व्यक्ति र समुहहरुले उत्पादन/बस्तु र सेवाको मुल्य अरुसंग सिर्जना गर्दै र अनुरोध गर्दै जे आवश्यक आवश्यक पर्छ र चाहिन्छ त्यो प्राप्त गर्दछन्" को रुपमा परिभाषित गरिन्छ । यो एउटा प्रक्रिया हो जसले विक्रेतालाई क्रेताको आवश्यकता बोध गर्न सहयोग गर्दछ र विक्रेतालाई नाफामा माग पुरा गर्न सहयोग गर्दछ । सफल व्यवसाय वा कृषि उद्यमीका लागि बजारीकरण महत्वपूर्ण हुन्छ किनभने उपयुक्त स्थानमा उपयुक्त मुल्यमा निश्चित बस्तु वा सेवाका लागि पैसा तिर्न इक्षुक क्रेताहरु हुनुपर्दछ । र लचिलो रहनका लागि, सबै व्यवसायहरु बजार आवश्यकता फेरबदल प्रति सचेत भई सो अनुसार व्यवस्था गर्नुपर्दछ । त्यसर्थ, बजारीकरण प्रक्रिया व्यवस्थापनमा देहायका चार तत्वहरु संलग्न हुन्छन् जसलाई बजारीकरणका चार खम्बा भनिन्छ (MEAS 2014)।

- माग सन्तुष्ट गर्ने कृषि उत्पादनको प्रारुप
- कृषि उत्पादनका लागि प्रतिस्पर्धात्मक मुल्य निर्धारण
- मान्छेहरुले किन्ने ठाउमा (जस्तै, बजार, संकलन केन्द्र, हाट बजार वा स्थानीय भण्डार) वितरण
- बस्तुको प्रवर्द्धन ( आकर्षक प्याकेज, पौष्टिक लाभहरुको रुपरेखा)

कृषि उद्यमीको सन्दर्भमा बजारीकरण माध्यम भनेको विशिष्ट प्रतिनिधीहरुले कृषि उत्पादन खेत (उत्पादन) देखी टेबल सम्म (उपभोग); अन्तिम उपभोगका लागि तयार बनाउन बस्तुलाई प्रतेक चरणमा खर्च र मुल्य वृद्धि गर्ने लगायतका

गतिविधिहरुको संग्रह हो । उदाहरणका लागि, ग्रामीण पशुपालन सहकारीले तयार गरेको दुग्ध उत्पादन विभिन्न माध्यम भएर बढ्छ, व्यापारी बाट सुरु हुदै जसले बस्तु बजार सम्म लैजान्छ, जून तत्पश्चात उपभोक्ताकोमा पुग्दछ । मध्यस्थतकर्ताको उपस्थितिले पशुउत्पादनको विक्रय मुल्य घटाउछ,तापनि कृषकहरुले ठुलो आयतनमा बेच्न र बजार यातायात र भण्डारण खर्च हटाउन सक्दछन् । उदाहरणका लागि, दुग्ध मुल्य श्रृंखलाका लागि, विभिन्न बजारीकरण माध्यमहरु ( र यसका फाइदाहरु) देहाय बमोजम छन् ।

- कृषक स्वयम्ले खेतबाट वरीपरिको समुदायमा प्रत्यक्ष बजारीकरण (मध्यस्थकर्ता र व्यापारीको शूल्क हटाउछ, सबै नाफा सहकारी वा कृषक समुहमा रहन्छ )
- नजिकको दुग्ध प्रशोधन इकाईमा आपूर्ति (सहकारी वा कृषक समुहद्धारा विक्रीको नियन्त्रण र वितरण, यातायात र भण्डारण खर्च हटाउछ )
- विभिन्न नजिकका स्थानीय फुटकर पसलमा आपूर्ति (सहकारी वा कृषक समुहद्धारा विक्रीको नियन्त्रण र वितरण, यातायात र भण्डारण खर्च हटाउछ )
- स्थानीय संकलन केन्द्र र हाटबजारमा खेत वा बजारमा बजारीकरण (मध्यस्थकर्ता र व्यापारीको शूल्क हटाउछ, सबै नाफा सहकारी वा कृषक समुहमा रहन्छ )
- क्षेत्रीय बजारको माध्यमबाट विक्रय (ठुलो आकारको विक्रीको माध्यमबाट राम्रो नाफा)

मुल्य वृद्धि कृषि एक खेतबाट स्याहारिएको कृषि उत्पादन बाट मुल्यवान बजारीकरणको अवस्थामा रुपान्तरण वा परिवर्तन गर्ने प्रक्रिया हो । गहुँमा मुल्य वृद्धि गर्नका लागि तल एउटा उदाहरण दिइएको छ (MAES 2014)।

- गहुँको कच्चा पदार्थको रुपमा निश्चित मुल्य हुन्छ ।
- आटामा प्रशोधन गर्दै कच्चा गहुँको मुल्य वृद्धि गर्न सकिन्छ (कि त सानो आयतनमा कृषकले वा कि त ठुलो आयतनमा प्रशोधन इकाईले ) । अहिले आटाको फरक मुल्य हुन्छ जुनचाही कच्चा गहुँ भन्दा धेरै गुण उच्च हुन्छ, आटालाई क्रेताले विभिन्न अतिरिक्त लक्ष्यको लागि पनि उपयोग गर्न सकिन्छ ।
- आटालाई रोटी तथा अन्य पाकेको उत्पादनका रुपमा बदल्न सकिन्छ, जुनचाहीबाट फरक मुल्य, जुन गहुँभन्दा उच्च हुन्छ ।

कृषि मुल्य श्रृंखला वा आपूर्ति श्रृंखला उपभोग भन्दा अगाडीको खेतबाट आधारभूत कृषि उत्पादन देखी अन्तिम उत्पादन चरणसम्म ल्याउने संलग्न प्रतिनिधिहरु र गतिविधिहरुको संग्रह हो । मुल्य श्रृंखलाको प्रतेक चरणले उत्पादन वा बस्तु श्रृंखलामा चलायमान हुदा गतिविधी (उत्पादन, प्रशोधन, पाको पार्नु, भण्डारण, यातायात, बजारीकरण र वितरण)हरुको क्रम संलग्न गर्दै बस्तु वा उत्पादनमा मुल्य वृद्धि गर्दछ । कृषि मुल्य श्रंखलामा संलग्न प्रतिनिधीहरु देहाय बमोजिम छन् ।

१. निक्षेप विभाग (मल, विउ, इन्धन, सामग्री वा निक्षेप खरीद गर्न ऋण)

२. कृषकहरु (बाली/पशुचौपाय)

३. व्यापारी (वा मध्यस्तकर्ता) जसले बाली भित्राएपश्चात कृषक समुह वा कृषकहरु बाट प्रत्यक्ष रुपमा पहिलो उत्पादन वा बस्तु खरिद गर्दछ

४. कृषि उत्पादन प्रशोधन गर्ने प्रशोधनकर्ता, व्यक्ति वा कम्पनी (उदाहरणका लागि, दुधबाट चीज, दही आदी

५.फुटकर विक्रेता, बजारमा वा ठुलो किराना भण्डारमा बस्तु वा उत्पादनको विक्रेता

६. उपभोक्ता

उत्पादन र मुल्य वृद्धि दुबैमा कृषि मुल्य श्रृंखलामा महिलाहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्छन । कृषि, लैङ्गिक भूमिका, र सुदृढ स्वास्थ्य र पोषण परिणाम बीचको सम्बन्धमा साहित्यको समिक्षाले कृषि खानाको प्रत्यक्ष वा अप्रत्यक्ष (आयको माध्यमबाट) श्रोतहरु सूचित गर्दछ (Gillespie 2001; Headey 2012) र कृषि श्रोतहरु, आय र स्तरमा महिलाको नियन्त्रण सुदृढ गर्नका लागि क्षेत्रको प्रवेश विन्दु हो (Webb 2013) । मुल्य श्रृंखलामा पुरुष कृषकलाई जस्तै महिला कृषकलाई उही निक्षेप र बजार सूचना प्रदान गरिएमा तिनीहररुको समर्पण र आय १० देखी २० प्रतिशतले वृद्धि हुने अनुमानित छ (विश्वबैंक, २००५) । जब महिलाहरु घरायसी खाना पकाउने तथा बाँडफाँड गर्ने र बच्चाबच्चीको रेखदेखमा श्रेष्ठतापूर्वक नेतृत्वमा छन् भने कृषि मुल्य श्रृंखलामा महिलाको सहभागीता सुदृढ गर्न र आय वृद्धि गर्न लक्षित गरिएका मध्यस्थताले सकारात्मक पोषण परिणामसंग सम्बद्ध घरायसी व्यवहारपयोगी परिवर्तनमा प्रभाव पार्न सक्छन् । यसका अतिरिक्त, समुहहरुका लागि बजार सम्बन्ध सुदृढ गर्ने कुनै पनि मध्यस्थता महिला कृषकलाई समय बोझ थप्ने र आयमा तिनीहरुको नियन्त्रण हटाउने कुरामा होशीयार हुनुपर्दछ ।

मुल्य श्रृंखला भएर महिलाहरुको सहभागीता सुदृढ गर्न र तिनीहरुको बजार पहुँच वृद्धि गर्न देहायका केही सिफारिसहरु छन् ।

- बजार सूचनाको बढ्दो पहुँच (प्रविधी, सहुलियत, मुल्य)
- शक्ति सञ्चय गर्न समुह निर्माण (कृषक समुह र सहकारीको माध्यमबाट) र विक्रयको लागि पर्याप्त आयतनको उत्पादन ।
- बस्तुको विक्रयबाट आयमा राम्रो नियन्त्रणका लागि वातावरणको सशक्तिकरण (नेतृत्व सीपहरु र उद्यमशिलता सीपहरु)
- नीजि क्षेत्रसंगको साझेदारी (निक्षेप, बजार सूचना, र सेवाको पहुँचको लागि)

**नोटः**

जब मध्यपश्चिम र सुदुरपश्चिम नेपालमा सञ्चालित TOT कार्यशालमा सहभागीहरु सबै कृषि अधिकृत र फिल्ड प्रतिनिधिहरु थिए, उत्पादन प्रवर्द्धन तथा पोषणयुक्त बाली र पशुश्रोत खानाहरुको बजारीकरण गर्दा तिनीहरुले महिलाहरुलाई कसरी लक्षित गरे भन्ने कुराको छलफल अर्न्तक्रियात्मक रुपमा गरिएको थियो । कस्ता अवधारणाले काम गर्छन, कस्ताले गर्दैनन् ? तपाईको आफ्नो पौष्टिक खाना आफै उत्पादन(), पौष्टिक सन्देश प्रवाह, व्यवहार परिवर्तन गर्ने तालिम, बाली स्याहारे पश्चातको नोक्सान घटाउने प्रविधी, खाद्य सुरक्षामा सचेतना आदी संलग्न केही अवधारणहरु । त्यस्ता अवधारणाहरु (खेतमा प्रदर्शन, घरद्वार/गाउँघर बगैचा, खानेपानी तथा सरसफाई कार्यक्रम) प्रदान गर्ने संयन्त्रहरु के के हुन ? यि अवधारणबाट लक्षित वर्ग लाभान्वित हुन्छन् भन्ने सुनिश्चित कसरी गर्नुहुन्छ ?

## क्रियाकलाप: ३.१ : कृषि मुल्य श्रृंखलामा लैङ्गिक र पोषण

| | |
|---|---|
| **समय:** | १–२ घण्टा, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरु:** | फ्लिपचार्ट कागज, रङ्गिन मार्कर, मास्कीङ्ग टेप, क्रियाकलापको शिर्षक, उद्देश्य र निर्देशन सहितको फ्लिपचार्ट: महिलाका लागि रातो, पुरुषका लागि निलो र दुबैका लागि हरियो, ५० खाली रङ्गिन कागज (५" x ८"), मुल्य श्रृंखला कागज–प्रतेक सानो समुहलाई एक सेट (पूर्व तयार), व्यापक मुल्य श्रृंखला निर्देशन फ्लिपचार्ट |
| **किन:** | मुल्य श्रृंखलाका विभिन्न चरणहरुमा लैङ्गिक र पोषण समाकलित गर्न प्रतेक चरणमा श्रोतमा कस्को पहुँच र नियन्त्रण छ, कसले निर्णय गर्छ, र कसले कार्यसम्पादन गर्छ भन्ने कुरामा जोड दिदै विधिहरुको खोज गर्ने । मुल्य श्रृंखलाका विभिन्न चरणमा निहित सुरुङ्गले घेरिएका सामाजिक मान्यताहरु र शक्ति सम्बन्धमा अभिमुख हुने । |
| **श्रोत:** | "कृषि विस्तार सेवाहरुमा लैङ्गिक र पोषणको सम्मिलन: एक सहजकर्ता निर्देशिका २०१५ ।अमेरीकी सहयोग नियोग कृषि विस्तार प्रणालीमा लैङ्गिक र पोषणको सम्मिलन *(INGENAES), 2015.* *http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf* |

**सहजकर्ताको नोट:** विश्लेषण गरिने प्रतेक मुल्य श्रृंखलाको लागि मुल्य श्रृंखला कागजको सेट तयार गर्ने ।

देहायका प्रतेक वाक्यंशलाई (५" x ८") कागजमा राख्नुहोस् ।

सामग्री र निक्षेप आपूर्तिकर्ता

उत्पादक

व्यापारी र स्थानीय विक्रेता

यातायातकर्ता

प्रशोधनकर्ता/ पोको पार्नेवाला

निर्यात व्यापारी

फूटकर विक्रेता (पसल, खाध्य भण्डार)

उपभोक्ताहरु

**चरणहरु:**

- क्रियाकलापको शिर्षक, उद्देश्यहरु, र संक्षिप्त परिचयको समिक्षा गर्नुहोस् । **(५ मिनेट)**
- सहभागीहरुले आफैले साना समुह बनाउनु भन्दा अघि पुरै समुहलाई "कृषि मुल्य श्रृंखला के हो ?" भनि जानकारी दिनुहोस् । छलफलमा प्रयोग गर्नका लागि पहिले नै फ्लिप चार्ट कागजमा सामान्य मुल्य श्रृंखला कोर्नुहोस् । समुहहरुले कार्य गर्ने स्थानीय कृषि मुल्य

श्रृंखलालाई (जस्तै, तरकारी, गहुँ, पशुचौपाय, कुखुरापालन फर्म) समुहमा पहिचान गर्न लगाउनुहोस् । (**१० मिनेट**)

- ठुलो समुहलाई प्रतेकमा ५ जना हुने गरी साना समुह बनाउनुहोस् र सहभागीहरुले काम गर्न चाहने समुह आफै छनौट गर्न दिनुहोस् । प्रतेक समुहमा लगभग समान संख्यामा सहभागी गराउने प्रयास गर्नुहोस् र साना समुहमा महिला र पुरुष दुबैलाई सहभागी गराउनुहोस् । मुल्य श्रृंखला कागज फैलाउन मिल्ने गरी साना समुहलाई ठुलो कोठाको विभिन्न क्षेत्रमा वा अन्य ठाउमा बस्न लगाउनुहोस् । प्रतेक समुहलाई मुल्य श्रृंखलाको सेट उपलब्ध गराउनुहोस् । (**५ मिनेट**)
- श्रृंखला उत्पन्न हुन्छ भन्ने विश्वास दिलाउन सबै समुहलाई मुल्य श्रृखला कागज क्रमवद्ध व्यवस्थापन गर्न लगाउनुहोस् । सहभागीहरुलाई कोरा कागज दिनुहोस् र उपर्युक्त मुल्य श्रृंखलाको चरणहरु ब्याख्या गर्न आवश्यक पर्ने अतिरिक्त कागजहरु जोड्न आमन्त्रण गर्नुहोस् । (**१५ मिनेट**)
- सहभागीहरुले कृषि मुल्य श्रृंखला पुरा गरे पश्चात मुल्य श्रृंखलाको प्रतेक चरणमा महिला र पुरुषहरुको बास्तविक भूमिकाको वर्णन सहित संकेतहरुको प्रयोग गर्दै प्रतेक मुल्य श्रृंखला कागजमा श्रृंखलाको प्रतेक चरणमा महिला र पुरुषको भूमिका पहिचान गर्न र जोड्न लगाउनुहोस् । मुल्य श्रृंखलाको प्रतेक चरणमा उत्पादनलाई प्रभावित गर्दै नियन्त्रण को संग छ र निर्णय कसले गर्छ भनी संलग्न पनि गर्न लगाउनुहोस् । (**१५ मिनेट**)
- अभ्यासको भाग पुरा भए पश्चात मुल्य श्रृंखलाको प्रतेक चरणमा (जस्तै, बाली स्याहार पछिको पोषणमा ह्रास, गर्भवती महिलाको लागि पर्याप्त पोटिन तत्व सहित खानाको पहूँचमा अभाव) पोषणसंग सम्बन्धित सवालहरु के के हुन सोको निधो गर्न लगाउनुहोस् । (**१० मिनेट**)

**विरामः** साना समुह कार्य ठुलो समुहमा प्रस्तत गर्न लगाउनुहोस् –मुल्य श्रृंखलामा लैङ्गिक भूमिकाको प्रभाव लागि सहभागीहरुको सिफारिसमा जोड दिदै र मुल्य श्रृंखलाको प्रतेक चरणमा पोषण कसरी सुधार गर्न सकिन्छ भन्ने बोध गर्नका लागि देहायका प्रश्नहरु सोध्नुहोस् । (**३० मिनेट**)

- मुल्य श्रृंखलाका चरणको श्रोतमा **पहुँच** कसको छ ?
- चरणको श्रोतमा कसले **नियन्त्रण** गर्छ ?
- यो चरणमा के भइरहेको वा हुदैछ भनी कसले **निर्णय** गर्दछ ?
- यो चरणमा कसले **काम** गर्दछ ?
- सबैभन्दा बढी संकटाभिमूखतामा रहेका मानिसका लागि मुल्य श्रृंखलामा पोषण **बोटलनेक** कहाँ छन् ?
- मुल्य श्रृंखलाको विभिन्न चरणमा महिलाहरुलाई सक्रिय रुपमा संलग्न गराउन के गर्नुपर्ला ?
- लैङ्गिक तथा पोषण सवालहरु सम्बोधन गर्नका लागि विस्तार कार्यकर्ताहरु सबैभन्दा बढी प्रभाव कुन चरणमा हुन्छ ?






Consumers
Equipment and Input Supplies
PRODUCERS
RETAILERS
EXPORT MARKETERS
Traders and Marketers (Local)
TRANSPORTERS
Processors / Packaging

# दोस्रो दिन

## चौथो सत्रः सीप सेट तीन-बचत तथा वित्तीय व्यवस्थापन सीपहरु

**लक्ष्यः** यो सत्रले बजार संग संलग्न कृषक समुहका लागि तयार गरिएको बचत तथा वित्तीय व्यवस्थापन सीपहरको महत्व तथा समुहहरुले वित्तीय श्रोतको वृद्धि तथा व्यवस्थापन कसरी गर्ने बारे व्याख्या गर्नेछ । घरपरिवारको पौष्टिक स्तर परिवर्तनको मुख्य चालकको रुपमा महिला हुदा, यो सत्रका गतिविधिहरुले महिलाको सहभागीता तथा आय, व्यय, बचत र ऋणको उपयोगमा नियन्त्रण र अपनत्वको मापन गर्दै वित्तीय श्रोतहरुमा (जस्तै, ऋण र उधारो) महिलाको पहुँचमा जोड दिनेछ ।

**उद्देश्यहरुः** यो सत्रको अन्त्यमा सहभागीहरु सक्षम हुनेछन् ।

- व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक समुहका लागि तयार गरिएको बचत तथा वित्तीय व्यवस्थापन सीप सेटको महत्व र अवधारणा बोध गर्न ।
- कृषक समुहद्धारा अपनाइएका बचत र ऋण अभ्यासहरुको सूची गर्न ।
- विस्तार कार्यकर्ताहरुले कृषक समुहलाई आन्तरिक बचत र ऋण सीप प्राप्त गर्न कसरी सहयोग गर्ने भन्ने विधिको वयान गर्न ।
- महिला र पुरुष कृषकको साधारण आय व्यव विश्लेण सञ्चालन गर्न ।
- आय, व्यय, बचत, तथा खेत र घरायसी प्रयोगका लागि ऋणमा बढ्दो महिलाको सहभागीता र नियन्त्रणको महत्व बोध गर्न ।
- पोषणको महत्व तथा कृषि र पोषण सम्बन्धित गतिविधिहरुलाई लैङ्गिक सवालहरुले कसरी प्रभावित गर्छन् बोध गर्न ।

**श्रोत/सामग्रीः** कार्यशाला एजेण्डाको प्रतिहरु, पावरप्वइन्ट र मुल्य श्रृंखला क्रियाकलाप सीट (प्रतेक सहभागीका लागि), फ्लिप चार्ट, विभिन्न रंगका मार्करहरु, कम्प्युटर, एससीडी प्रोजेक्टर

**क्रियाकलापहरुः** क्रियाकलाप नं. ४.१: महिला तथा पुरुष कृषकहरुको आय र व्ययका मुख्य श्रोतहरु

नमूना अभ्यास : समुदाय र घरायसी तहमा मुख्य श्रोत र पैसाको उपयोगको पहिचान गर्न, ती श्रोतहरु महिला र पुरुषको आवश्यकता र चाहनामा कसरी फरक हुन्छन् सोको खोजी गर्न, फिल्डमा महिला र पुरुष किसानसंग कार्यान्वयन हुने सामान्य प्रकारको आयव्यय विश्लेषणको प्रदर्शन गर्न ।

क्रियाकलाप नं. ४.२: प्लेटमा के जान्छ ??

नमूना अभ्यासः सीमित बजेटमा पौष्टिक आहारको योजनामा कठीनाइको अन्वेषण गर्न, कम तौल भएकाको जन्म, शिशु तथा मातृ मुत्युदर, रोगहरु, न्यून कार्य उत्पादन, र कमजोर कक्षाकोठा कार्य जस्ता कमजोर पोषणको परिस्थितिहरुको मुल्यांकन गर्न र विस्तार कार्यक्रमको योजना, सहजीकरण र मुल्यांकन गर्दा पौष्टिक जनजागरण वृद्धि गर्नु ।

# PowerPoint पाठ

यो सत्रले दीगो बजार संलग्नताका लागि आवश्यक आवश्यक आन्तरिक बचत तथा ऋण प्रवाह अभ्यासहरुको सफलतापूर्वक व्यवस्थापन गर्न कृषक समुहलाई आवश्यक आधारभूत बचत र वित्तीय व्यवस्थापन सीपहरु बारे जोड दिनेछ । बजारमा आवद्ध कृषक समुहलाई व्यवसायिक प्रक्रियाका लागि ऋण, बचत, उधारो, र बाली विमा समेतको वृहत वित्तीय सेवाको पहुँच चाहिन्छ । बचत तथा वित्तीय व्यवस्थापन सीप सेटले कृषक समुहको आयको भाग बचत गर्ने, बचतको व्यवस्थापन र संरक्षण गर्ने, कृषक समुह सदस्यहरुले धान्न सक्ने योजना तथा तार्किक व्याजदर सहितको ऋण प्रवाह गर्ने क्षमता, र उत्तरदायी व्यवस्थापनका प्रजातान्त्रिक र पारदर्शी विधिहरुमा संलग्न गर्ने तथा समुहमा वित्तीय श्रोतको सदुपयोग गर्ने क्षमता समेटेको छ । त्यसर्थ, बजारसंग सम्बद्ध कृषक समुहका लागि वित्तीय व्यवस्थापन सीपहरु महत्वपूर्ण हुन्छन् किनभने यसलेः

- समहमा वित्तीय पूजी व्यवस्थापन र वृद्धि गर्न ग्रामीण गरिब कृषकहरुको क्षमता विकास गर्दछ ।
- घर र खेतमा आपतकालिन अवस्थामा विमा नीतिको रुपमा कार्य गर्दछ ।
- उत्पादनशिल उद्यमीहरुमा दीगो लगानीमा सहयोग गर्दछ ।
- समयको आवश्यकता अनुरुप प्रजातान्त्रिक समुह निर्णय प्रक्रिया र ऐक्यवद्धता सिकाउछ ।

धितोको ऋण अवस्था र ग्यारेन्टी तथा कहिलेकाही पुरुष ग्यारेन्टीको कारणले गर्दा मध्य र सुदुरपश्चिमका गरिब महिला कृषकहरु समान्यतया बैंकको ऋण पहुँचमा असक्षम छन् । यसका अलावा, वित्तीय व्यवस्थापन सीप सेट खासगरी ग्रामीण महिला कृषकका लागि महत्वपूर्ण छ जसले महिलाहरुको आयको बारेमा निर्णय प्रक्रियामा ठुलो प्रभाव पारी सशक्तिकरण गर्न सक्छ, जसले घरायसी रुपमा सुदृढ पोषण प्रतिफलमा रुपान्तर गर्दछ । प्रशिक्षक र फिल्ड प्रतिनिधिहरुले देहायका प्रक्रियाहरु सहजीकरण गर्दै कृषक समुहलाई आधारभूत आन्तरिक बचत र ऋण प्रवाह सीपहरु प्राप्त गर्नमा सहयोग गर्न सक्नेछन् :

- समुहका उपलब्ध महिला तथा पुरुष सदस्यहरुलाई आन्तरिक बचत र ऋण प्रवाहमा वित्तीय श्रोतहरुको महत्वको सचेतना वृद्धि गर्न ।
- समुहका सदस्यहरुद्धारा आम्दानीमा आधारित लचिलो र स्वच्छिक बचत प्रवर्द्धन गर्न ।
- नियमित बचत (साप्ताहिक वा मासिक) प्रेरित गर्न ।
- समुहका सबैभन्दा कमजोर सदस्यहरुको सहभागीता प्रवर्द्धन गर्नका लागि कमजोर सदस्यहरुको वित्तीय क्षमतामा आधारित योगदान तह ।
- महिलाको सहभागीता तथा पहुँच सुनिश्चित गर्दै समहका सदस्यहरुलाई विशिष्ट आधार, मान्यता, ब्याजदर तथा ऋणको उपयोग निर्धारण गर्न प्रेरित गर्न ।
- महिलामैत्री उपलब्धता तथा गरिबोन्मुख वित्तीय सेवासुविधा सुनिश्चित गर्नका लागि औपचारिक ऋण प्रवाह गर्ने निकायहरुसंग काम गर्न चरणहरु संलग्न बजार पहुँच मध्यथताको प्रारुप तयार गर्न ।

## क्रियाकलाप नं. ४.१: महिला तथा पुरुष कृषकहरुको आय र व्ययका मुख्य श्रोतहरु

व्यवसायिकरणले महिला र पुरुष कृषक कसरी प्रभावित गर्छ र कृषि बस्तु तथा सेवाको विक्रयबाट हुने आयमा कसको नियन्त्रण छ भन्ने पत्ता लगाउन खास ग्रामीण घरमा कसले आय कमाउछ (कुन श्रोतबाट) र मुख्य खर्चमा कसको पैसा धेरै प्रयोग हुन्छ भन्नका लागि मापन धेरै उपयोगी हन्छ । यी भिन्नताहरुको बुझाईले बजारको निर्णय प्रक्रियामा लिङ्गमा आधारित अवसरहरु र सीमाहरु बताउन सकिन्छ । कुनैपनि लैङ्गिक र बजार सम्बन्ध अध्ययनका लागि, जसले बजारीकरण संगै आय परिवर्तनको नियन्त्रण खोज गर्छ, बजारमा लैङ्गिक भूमिकाको पहिचान, जस्तै १. कसले निर्णय गर्छ (कहिले, कति, कहाँ बेच्ने), २. कसले बेच्छ (कहिले, कहाँ र कसरी), ३. आय कसले नियन्त्रण गर्छ र ४. खर्च कसरी गर्ने निर्णय कसले गर्छ, महत्वपूर्ण हुन्छ । यसका अलावा, घरायसी व्ययको संरचनाले घरपरिवारको कूल खाध्य व्ययमा महिला र पुरुष कृषकको के योगदान भन्ने बताउछ । अध्ययनहरुले देखाएका छन् कि कृषि उत्पादनबाट गरिएको आयमा महिलाको नियन्त्रण वृद्धि गर्दा खाध्य सुरक्षा र पारिवारीक पोषण पनि वृद्धि हुन्छ ।

| | |
|---|---|
| **समय:** | १–२ घण्टा, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरु:** | फ्लिपचार्ट कागज, रङ्गिन मार्कर, मास्कीङ्ग टेप, क्रियाकलापको शिर्षक, उद्देश्य र निर्देशन सहितको फ्लिपचार्ट: |
| **किन:** | पैसाको मुख्य श्रोत तथा खर्चको श्रोत पहिचान गर्न, र महिला र पुरुष कृषकमा मुख्य श्रोत र खर्च कसरी फरक हन्छ सोको खोजी गर्न, र महिला तथा पुरुष कृषकद्धारा आयमा नियन्त्रण र व्ययमा तिनिहरुको निर्णय प्रक्रिया भूमिकामा कृषि व्यवसायीकरणले कसरी प्रभावित गर्छ सोको मुल्यांकन गर्न । |
| **श्रोत:** | इफाड (२००२), बजार सम्बन्ध कार्यहरुमा लैङ्गिक र गरीवि लक्षित । अभ्यासकर्ताहरुको लागि सन्दर्भसामग्री कृषि विकासको लाीग अन्तर्राष्ट्रिय कोष, रोम, इटाली. *https://www.ifad.org/documents/10180/a0a52e39-ec33-4118-b8c5-aa99b5a23be3* |

**चरणहरु:**

१. क्रियाकलापको शिर्षक, उद्देश्यहरु र संक्षिप्त परिचयको समिक्षा गर्नुहोस् । (**५ मिनेट**)

२. सहभागीहरुलाई महिला तथा पुरुष समुहमा विभाजन गर्नुहोस् । यदी पुरुष सहभागीहरु धेरै भए, २ पुरुष समह बनाउनुहोस्,(**५ मिनेट**)

३. प्रतेक समुहलाई कागजको २/२ सीट र मार्करहरु दिनुहोस् । (**५ मिनेट**)

४. महिला र पुरुष कृषकको आयश्रोत सूची गर्नुहोस् । (**२० मिनेट**)

समुहलाई ग्रामीण महिला कृषकको पैसाको मुख्य श्रोत पहिचान गर्न र महत्वको क्रमका आधारमा ५ सबैभन्दा महत्वपूर्ण श्रोतको स्तरीकरण गर्न लगाउनुहोस् ।

५.महिला तथा पुरुष कृषकको व्ययका श्रोतहरु सूची गर्नुहोस् ।

समुहलाई ग्रामिण महिला कृषक मुख्य व्ययका श्रोतहरु के के हुनुपर्छ भनी सोध्नुहोस् र महत्वको क्रमका आधारमा सबैभन्दा महत्वपूर्ण ५ श्रोतहरु स्तरीकरण गर्नुहोस् ।


समुहलाई ग्रामिण पुरुष कृषक मुख्य व्ययका श्रोतहरु के के हुनुपर्छ भनी सोध्नुहोस् र महत्वको क्रमका आधारमा सबैभन्दा महत्वपूर्ण ५ श्रोतहरु स्तरीकरण गर्नुहोस् ।


**विरामः** प्रतेक समुहलाई उक्त सूची भित्तामा टाँसी प्रदर्शन गर्न लगाउनुहोस् । महिला समुहलाई अगाडी बोलाई संक्षिप्त प्रस्तुती गर्न लगाउनुहोस् । पुरुष समुहलाई प्रस्तुती गर्न लगाउनुहोस् ।

उनीहरुले पत्ता लगाएका परिणामहरुलाई तूलना र फरक छुटाउनुहोस्, सहभागीहरुलाई आवश्यकता अनुसार गतिविधिको सूची स्पष्ट गर्न वा थप्न लगाउनुहोस् । समुहलाई अभ्यासबाट देखा परेका कुनै पनि संरचना प्रतिविम्वित गर्न लगाउनुहोस् । (**२० मिनेट**)

प्रतेक समुहको प्रस्ततीकरण पश्चात सहभागीलाई देहायका प्रश्नहरु सोध्नुहोस् । (**३० मिनेट**)

- महिला कृषकको खर्च शिर्षक महिलाले भनेको र पुरुषले भनेको उस्तै छन् त ? के महिला र पुरुषले पुरुष कृषकको सबैभन्दा ५ खर्चहरुमा सहमति जनाउछन् त ? भिन्नताहरु कहाँ छन् ? भिन्नताका कारणहरु के के हुन् ?
- कसले बढी कमाउछ (कहिले, कहाँ र कसरी) ?
- कृषि उत्पादन र सेवाहरु कसले बेच्छ र सोको विक्रयबाट हुने आयमा कसको नियन्त्रण छ ?
- व्यक्तिगत आम्दानीबाट के महिला तथा पुरुष कृषकहरुको छुटाछुटै नगद जम्मा छ वा संयुक्त आम्दानीबाट संयुक्त नगद जम्मा छ (सबै घरपरिवारका सदस्यहरुको फाइदाका लागि उपयोग गर्ने गरी) ? के घरपरिवारको मुख्य फिल्डबाट आउने आम्दानी संयुक्त आम्दानीको रुपमा उपयोग गरिन्छ ?
- संयुक्त खाता कसको नियन्त्रणमा हुन्छ वा कसरी खर्च गर्ने भनेर कसले निर्णय गर्छ ?के यसलाई संस्कृतीको निर्धारण गर्छ वा *de-facto power through selling?*
- ग्रामीण कृषकको घरमा, के निश्चित खर्चको लागि श्रीमति जिम्मेवार हुन्छ (जस्तै खाना) र अन्य खर्चका लागि श्रीमान (जस्तै अखाध्य वस्तु) ?
- परिवारहरुका लागि भूमिकाहरु निर्वाह गर्ने अन्नदाताको रुपमा महिला र पुरुषको क्षमताले आम्दानीको नियन्त्रणमा कस्तो प्रभाव पार्दछ ?बजारीकरणको व्यवसायमा महिलाको बढ्दो भूमिकाले परिवर्तनको संवाहक कसरी बन्छ, विचार गर्न लगाउनुहोस् ।


SOURCES OF INCOME
MALE GROUP
MALE FARMER
FEMALE FARMER
Labour
Vegetable Selling
Livestock selling
Cereal crop selling
Pulses selling
NTFP (Essential oils)
Mentha
Chammomil
Timber
Mushroom
Milk
Egg/poultry
Ghee
Spices
Cereals
Pulses
Pewa / Seed Money
SOURCE OF EXPENDITURE
MALE GROUP-2
MALE FARMER
FEMALE FARMER
School/Education
Medical fees
Festible investment
Liquors
Cigrettes
Pocket Money
Electricity
Telephone/Communication
Cultural/social Rituals Costs
Donations
Taxes
Farm Input
Labour
Transportation
Kitchen
Cosmetics
Ornaments
Clothes
Medicine
Fashion stuff
Electricity bills
Home decorations
Gifts
Food Items
Hospitality
Transportation


Female Group (Main income Source)
Male Farmer
Female Farmer
1. Vegetable selling
2. Cereals
3. Retailer shop
4. Job
5. Labour/Mistri
6. Driver (Rickshaw, Tractor)
7. Livestock
8. Bee Keeping
9. Carpenter
10. Painter
11. Mushroom
1. Vegetable selling
2. Livestock & poultry
3. Group saving
4. Handicraft
5. Mushroom (cultivation)
6. Sewing & Cutting
7. Candle making
8. Pickle making
9. Dairy Products (Ghee, Khuwa)
10. Value added products (Dalmoth, Sinki, Gundruk, Chana, Mishri)
MAIN SOURCE OF INCOME
MALE FARMER
FEMALE FARMER
SALING OF AGRI PRODUCE
VEGETABLES
NTFPs
LABOR
CARPENTER, MASON
BUSINESS
TEA STALL
RETAIL SHOP
AGROVETS
OTHERS
JOBS/SERVICES
AGROVETS
TEACHER
PENSION
AGRI PRODUCE
FRUITS, VEGETABLES
LABOR
DAILY WAGES
BUSINESS
TEA SHOPS, KIRANA
BEAUTY PARLOUR
JOBS/SERVICES
TEACHING
NURSE
OTHERS
PEWA
ASTROLOGY

## क्रियाकलाप नं. ४.२: प्लेटमा के जान्छ ?

विश्वव्यापीरुपमा पोषण संवेदनशिल कृषि कार्यक्रमको महत्वमा बलियो सहमति छ र कृषि विस्तार सेवाहरुमा पोषण प्रवर्द्धन गर्नका लागि गतिविधिहरुको सम्मिलन गर्न प्रयासहरु जारी छन् । कृषि मध्यस्थताहरुले सुदृढ उत्पादकत्व र आयमा जोड दिदै सुदृढ खाध्य पहुँचको माध्यमबाट घरायसी पोषणको अवस्थामा प्रभावित गर्दछन् । खासमा घरपरिवारमा असमान स्तर भएका संकटाभिमूख महिला र बालबालिकामा भएका कमजोर पोषणका परिणामहरु (न्यून जन्म तौल, शिशु तथा मातृमृत्युदर, रोगहरु, घट्दो कार्य उत्पादन, र कमजोर कक्षाकोठा कार्यसम्पादन) राम्रो संग दस्तावेजीकरण गरिन्छन् । अध्ययनहरुले घरपरिवारमा आय, महिलाको शिक्षा, लैङ्गिक गतिशिलता जस्ता तत्वले खाध्य तथा पोषण परिणाममा प्रभाव पार्दछ । आम्दानीको संभावना वृद्धि गर्नुले सुदृढ पोषणमा रुपान्तरण गर्दछ जुन कृषि वस्तु तथा सेवाको विक्रयबाट हुने आम्दानीमा महिलाको पहुँच र नियन्त्रण बढाउनका लागि अत्यन्त महत्वपुर्ण हुन्छ ।

| | |
|---|---|
| **समय:** | १–२ घण्टा, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरु:** | फ्लिपचार्ट कागज, रङ्गिन मार्कर, मास्कीङ्ग टेप, क्रियाकलापको शिर्षक, उद्देश्य र निर्देशन सहितको फ्लिपचार्ट |
| **किन:** | व्यक्तिगत स्वास्थ्य र सन्दर्भमा पोषण असमानताको असरहरु मापन गर्न; घरपरिवारमा पोषणमा आम्दानी रुपान्तरको महत्व बयान गर्न, र सीमित श्रोतले स्वस्थ पोषण प्रदान गर्नका चूनौतिहरु प्रदर्शन गर्न । |
| **श्रोत:** | इफाड (२००२), बजार सम्बन्ध कार्यहरुमा लैङ्गिक र गरीवि लक्षित । अभ्यासकर्ताहरुको लागि सन्दर्भसामग्री कृषि विकासको लाीग अन्तर्राष्ट्रिय कोष, रोम, इटाली. *https://www.ifad.org/documents/10180/a0a52e39-ec33-4118-b8c5-aa99b5a23be3* |

**भाग एक– चरणहरु**

१. क्रियाकलापको शिर्षक, उद्देश्यहरु र संक्षिप्त परिचयको समिक्षा गर्नुहोस् । (**५ मिनेट**)

२. प्रतेक सहभागीलाई अंक १ देखी ४ गन्न लगाउदै चार वटा समुह बनाउनुहोस् र सबै समुहलाई छुटाछुटै कार्य सुम्पनुहोस् । सबै समुहमा निश्पक्ष रुपले समान सहभागी पर्ने गरि समायोजन गर्नुहोस् । (**५ मिनेट**)

३. फ्लिपचार्ट कागजको प्रयोग गर्दै, खास ग्रामीण घरपरिवारको लागि पौष्टिक रुपले सन्तुलित खाना बयान गर्दै साना समुहलाई प्लेट कोर्न लगाउनुहोस् । (**१५ मिनेट**)

**विराम:** प्रतेक समुहबाट प्रतिनिधि सहभागीलाई अगाडी बोलाई संक्षिप्त रुपमा चीत्र प्रस्तुत गर्न लगाउनुहोस् । पौष्टिक रुपले सन्तुलित खानाको सही तत्वहरुमा आधारित चीत्रको मुल्यांकन गर्नुहोस् । चीत्रमा के छुटीरहेको छ पहिचान गर्नुहोस् । (**३० मिनेट**)

बयानहरुको समिक्षा गर्दै देहायको प्रश्नहरु सोध्नुहोस् । पोषण सुरक्षित र असुरक्षित घरपरिवारका विशेषताहरु फ्लिपचार्टमा कैद गर्नुहोस् । (**१५ मिनेट**)

- खास ग्रामीण घरपरिवारमा कस्तो प्रकारको खाना हटाउनुपर्छ र कस्तो प्रकारको खाना बढाउनुपर्छ ?
- पोषण असुरक्षित घरपरिवारलाई कसरी वर्णन गर्ने ? पोषण सुरक्षित घरपरिवारलाई कसरी ?

**भाग दुई–चरणहरु**

१. सहभागीहरुलाई पहिलेको समुहमा फिर्ता हुन लगाउनुहोस् र देहायको क्रियाकलाप गर्न लगाउनुहोस् ।

विभिन्न प्रकारका स्वस्थ खानेकुरा किन्न धेरै ग्रामीण भूमिहीन घरपरिवारका लागि आम्दानीको अभाव एक मुख्य पोषण बाधक हो । यदी कुनै खास घरपरिवारमा ५ जना परिवार सदस्य छन्–एक आमा र बुवा, दुई केटाकेटी र एक सासु, एक दिनको लागि अन्न किन्ने पैसा २०० मात्र छ, तिनिहरुले एक दिनमा तीन पौष्टिक रुपले सन्तुलित खानामा के किन्छन होला (खाजा, विहानको खाना, साँझको खाना) ?

समुहलाई देहाय बमोजिम कार्य दिनुहोस् ।

समुह १– गर्भवती महिला सहितको परिवार

समुह २– दुध चुसाउने महिला सहितको परिवार

समुह ३– पाँच वर्ष मूनीका दुई बालबालिका सहितको परिवार


समुह ४– दुई विद्यालय जाने उमेरका बालबालिका सहितको परिवार

**विरामः** साना समुहलाई आफ्नो खाद्यन्न सूची प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि देहायका प्रश्नहरु सोध्नुहोस् । (२० मिनेट)

- परिवारका लागि पौष्टिक आहार छनौट गर्दा सबै भन्दा गाह्रो के थियो ?
- के धेरै खाना उत्पादन गर्नु वा खाना किन्न धेरै पैसा हुनुले परिवारमा सुदृढ पोषण निम्त्याउछ ? किन ? किन हैन?
- घरपरिवारमा आम्दानी कसले नियन्त्रण गर्दछ ?
- खानाको लागि के किन्ने र कसले किन्ने निर्णय कसले गर्छ ?
- खाना कसले बनाउछ ? प्रतेक परिवार सदस्यको लागि खानाको भाग कसले लगाउछ ?
- कुन तरिकाले खास ग्रामीण घरपरिवार पौष्टिक रुपले सुरक्षित हुन्छ ? यस्तो परिवर्तन प्रेरित गर्नका लागि विस्तार कार्यकर्ताको रुपमा तपाईको भूमिका के हो ?






BALANCED NUTRICIOUS PLATE
Group No: =4
Group-4
FAMILY GROUP 2– LACTATING WOMAN
Items QTY Rate Totel
Rice 1.5kg 35 52.5
Wheat flour 0.5kg 40 20
Green veg (MIX) 1300gm Manage from KG (Kitchen Garden)
Spices LS 15 15
Oil 50ML 160 8
Egg 2 pcs 12 24
Fruits LS 18 18
Pulse 100gm 200 20
Milk 0.5 lit 50 25
Ghee 25gm 600 15
Totel — 197.5

## पाचौं सत्रः सीप सेट चार–प्रविधी र आविस्कार सीपहरु

**लक्ष्यः** यो मोड्युलले कृषक समुहको कृषि उत्पादनको उत्पादन, प्रशोधन, र बजारीकरणको सुधार गर्न नवीन प्रविधीक आविस्कारहरुको पहुँच तथा उपयोग गर्न कृषकहरुका लागि तयार गरिएको प्रविधी र आविस्कार सीपको महत्व बारे व्याख्या गर्नेछ; घरपरिवार र मुल्य श्रृंखलाका प्रतेक चरणमा महिला र पुरुष दुबैको उत्पादकत्व र कार्यक्षमता बढाउने लैङ्गिक संवेदनशिल प्रविधीहरुमा पहुँच र नियन्त्रणको महत्व बारे जोड दिदै व्याख्या गर्नेछ ।

**उद्देश्यहरुः** यो सत्रको अन्त्यमा सहभागीहरु सक्षम हुनेछन् ।

- व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक समुहका लागि तयार गरिएको प्रविधि र आविस्कार सीप सेटको महत्व बोध गर्न ।
- कृषक समुहद्धारा सफल बचत र ऋण प्रवाह अभ्यासको सूची तयार गर्न ।
- विस्तार कार्यकर्ताले कृषक समुहलाई प्राविधिक र आविस्कार सीप कसरी सहयोग कसरी सहयोग गर्न सक्छन् ?
- कृषक समुहलाई प्रविधीहरु प्रदान गर्न र उनिहरुको सफलता र असफलताबाट सिक्न क्षेत्रमा भइरहेका सबै कृषि परियोजनाका प्रयासहरु बयान गर्न ।
- प्रविधीले लैङ्गिक भूमिका र घरायसी समय/श्रम बाँडफाड कसरी प्रभाव पार्दछ मापन गर्न ।
- Do-It-Yourself (DIY) परियोजनाको माध्यमबाट आम्दानी गर्न र आफै नवीन सीपहरु सिक्न आविस्कारको महत्व बोध गर्न ।
- लैङ्गिकमैत्री विकल्प तथा पोषण प्रतिफलका सन्दर्भमा श्रम किफायती र अन्य प्रविधीहरुको अवसर तथा सीमाहरुको सामान्य मुल्यांकन संचालन गर्न ।
- दुवै महिला तथा पुरुष कृषकद्धारा श्रम बचत गर्ने प्राविधीक आविस्कारहरुको उपयोगमा बाधाहरु Roadblocks सूची गर्न ।

**श्रोतहरुः** कार्यशाला एजेण्डाको प्रतिहरु, पावरप्वइन्ट र क्रियाकलाप सीट (प्रतेक सहभागीका लागि), फ्लिप चार्ट, विभिन्न रंगका मार्करहरु, कम्प्युटर, एससीडी प्रोजेक्टर

**क्रियाकलाप**: क्रियाकलाप ५.१: लैङ्गिक संवेदनशिल प्रविधीहरु किन ?

नमूना अभ्यास : खेतमा र घरमा महिला तथा पुरुष किसानहरुको दैनिक कार्यका लागि उपलब्ध श्रम बचत गर्ने प्रविधीहरुको संख्या र प्रकार पहिचान गर्न ..... र महिला कृषकको प्रविधी माग र सीमाको मापन गर्नका लागि एउटा समान्य प्रकारको लैङ्गिक मुल्यांकनको प्रदर्शन गर्न ।

## PowerPoint पाठ

यो मोड्युलले दीगो बजार संलग्नता र लामो समय सम्म चलायमान रहनका लागि नवीन प्राविधीक आविस्कारहरुमा पहुँच तथा प्रयोग गर्नका लागि कृषक समहुका लागि तयार प्रविधी र आविस्कार सीपहरुको महत्वको व्याख्या गर्नेछ । प्रविधी र आविस्कारको सीपहरुले बजारको शर्तहरु र जलवायु परिवर्तलाई अनुकुलित गर्दै कृषकलाई जोखीम व्यवस्थापन गर्न सक्षम गर्नेछन् । कृषकहरुको घरपरिवारहरु र मूल्य श्रृंखलाको प्रतेक चरणमा कार्यक्षमता र उत्पादकत्व वृद्धि गर्नका लागि तिनीहरुको उत्पादन र बजारीकरण सदृढ गर्न बजार संग सम्बद्ध कृषक समुहलाई प्राविधीक आविस्कारहरुमा पहुँच र तालिम जरुरी हुन्छ । त्यसर्थ, कृषक समुहलाई दीगो तथा सुदृढ उत्पादनका लागि देहायका प्राविधिक सीपहरु चाहिन्छ :

- पैसा बचत गर्न र अतिरिक्त आम्दानी सिर्जना गर्न साधारण औजारको प्रयोग गर्दै Do-It-Yourselfs परियोजना खोज गर्न र सञ्चालन गर्न सक्ने ।
- सबै सफलता र असफलताहरु अभिलेख गर्न खोज तथा प्रविधीको बारेमा महत्वपुर्ण तथ्यांक अभिलेखीकरण गर्न ।
- आम्दानी वृद्धि गर्न प्रविधीको उपयोग गर्दै बजार अवसरहरु सिर्जना गर्न ।
- सबै कृषक समुहहरुलाई (जसलाई प्रविधीबारे जान्न आवश्यक छ ) प्रदर्शित प्रविधी उपयोगको परिणाम आदान प्रदान गर्न ।
- बाह्य सहयोग र वित्तीय सहयोग वा सहयोग विना आफै नवीन प्रविधीहरु सीकाई र नवीन विचार खोजमा सक्रिय हुने ।

अध्ययनहरुले महिला कृषकहरुको विक्रय मुद्रा र आम्दानी बढाउन आवश्यक हुने मुल्य थप गर्न कसरी पुरुष कृषकमा भन्दा महिला कृषकमा उपयुक्तहरु र प्रविधीहरुको अभाव हुन्छ भन्ने देखाएका छन् । उन्नत विउ र मल सहित सुदृढ प्रविधीहरुको पहुँच महिला कृषकका लागि ग्रामीण क्षेत्रमा साह्रै जटील हुन्छ । उदाहरणका लागि, मध्य र सुदुरपश्चिम नेपालमा, अपनत्वको अभावले महिला कृषकमा जमीनको आकार बढाउने क्षमता हुदैन, त्यसर्थ, निक्षेपमा पहुँच सम्वभतः उनीहरुको उत्पादकत्वमा लाभ प्राप्त गर्न एउटा मात्र बाटो हो । यसका अलावा, प्राविधिक आविस्कारहरु जस्तैः सूचना, सञ्चार र प्रविधीको उपयोगले महिला कृषकलाई समय र गतिशिलताका सीमाहरु जित्न सहयोग गर्दछ । समय र श्रम बचत गर्ने प्रविधीहरु (जस्तैः सधारिएको चूल्हो) महिला कृषकका लागि अत्यन्त महत्वपुर्ण हुन्छन्, यसले महिलाको समय बचत गर्छ जसले गर्दा घरायसी पोषण प्रतिफलहरु सुधार गर्न अवसरहरु बढ्छन् । यसर्थ, समतामूलक लैङ्गिक सहभागीता र लाभ वृद्धि गर्ने किफायती र प्रतिष्पर्धी प्रविधीहरु निर्धारण गर्न महत्वपुर्ण छ । किफायती र प्रतिष्पर्धी निर्धारण गर्न, महिला र पुरुष दुबैका लागि मुल्य श्रृंखलामा लैङ्गिक तथा पोषण प्रतिफलहरुका सन्दर्भमा लाभ र श्रम बचत तथा अन्य प्रविधीहरु विश्लेषण गर्न मुल्यांकनहरु आवश्यक हुन्छन् ।

**छलफलका बुदाहरु**

अमेरिकी सहयोग नियोग परियोजनाका (IPM-IL and KISAN) कार्यशाला सहभागीहरु आफ्नो कार्यक्रम कार्यान्वयन प्रयासमा लैङ्गिक तथा पोषण रणनीतिहरु सम्मिलनमा सफलता तथा असफलताका कथाहरु छलफल गर्न अगुवा कृषकको खेतमा स्थल प्रदर्शनको माध्यमबाट विभिन्न प्राविधिक आविस्कारहरु चिनाउन सक्रिय रुपले अभिप्रेरित छन् । iDE/IPM-IL परियोजनाका कार्यशाला सहभागीले मध्यपश्चिम नेपालमा प्राविधिक मध्यस्थताहरुमा सफल कथा प्रस्तुत गरे : “छिन्चुमा कृषक समुहको एक जना महिला कृषकलाई उनको ३ रोपनी जग्गामा कम पानीले बेमौसमी टमाटर उत्पादन गर्ने तरिका चाहिएको थियो । उनलाई सफलतापूर्वक बमौसमी टमाटार उत्पादन गर्न निर्णय र प्रविधीको पहुँच बढाउन र सुख्खा मौसममा परम्परागत तरिकाले कसरी पानीको उपयोग गर्ने सकिन्छ भन्ने सहयोग आवश्यक थियो । यो समस्या समाधानका लागि उनको समुदायमा *iDE/IPM IL* परियोजना सफलतापूर्वक थोपा सीचाई प्रणाली र बहुजल उपयोग प्रणाली परिचित गरेको छ, र अहिले त्यहाँका कृषकहरुले बेमौसमी तरकारी खेतीबाट आफ्नो उत्पादन दोब्बर बढी गरेका छन् ।” अन्य सहभागीले निर्यात यातायातको समयमा हुने पोषण ह्रास हटाउनका लागि नष्ठ हुन सक्ने कृषि उत्पादन चलाउन र पोको पार्ने नवीन र प्रयोगात्मक सीपहरुको छलफल गरे । “बालीनाली स्याहारे पश्चातका प्रविधीहरुको सफल फिल्ड कार्यान्वयनले नष्ट हुने र सड्ने कारणले नोक्सान हटाउन टमाटरलाई बजार पठाउनु अघी भण्डारण गर्न सहयोग गरेका छन् । पत्रपत्रिकाले मात्र व्यक्तिगत रुपमा बेरिएको टमाटरहरुल चलाउन प्लाष्टिक क्यारेटमा भण्डारण समेत उपयुक्त पोके पार्ने प्रविधी र भण्डारणको तुलनात्मक सुधार भएको छ । कृषकहरुको उद्देश्य कुन भण्डारण विधीले रफ्रिजेरेटर विना सड्ने विग्रने, पोषणको नोक्सान र बजार मुल्य रोकथाम गऱ्यो परिक्षण गर्न विग्रन वा सड्न भन्दा पहिलेको अभिलेख राख्नु थियो ।

## क्रियाकलाप ५.१: लैङ्गिक संवेदनशिल प्रविधीहरु किन ?

दीगो कृषि उत्पादनका लागि प्रविधीको बढ्दो उपलब्धता र खाध्य उत्पादन र आम्दानी बढाउनका लागि पहुँच, अनुकुलन गर्ने, र उपयोग गर्ने क्षमता आवश्यक हुन्छ । यसैगरी, कृषक समुहद्धारा उत्पादकत्व, व्यवसायीकरण, र बजारमा कृषकको सम्बन्ध सुदृढ गर्न कृषि प्रविधीहरुको उपयोग उच्च रुपले प्रेरित गरिएको छ । खेत देखी डल्लेठो सम्मको चेतनामा विभिन्न प्रविधिहरु १. खाध्य उत्पादनको लागि सुदृढ अभ्यासहरु र आविस्कारहरु (जमीन तयार गर्ने, सिंचाई, बालीनाली स्याहार्ने), २. बालीनाली स्याहारे पश्चातका कार्यहरु र प्रशोधन प्रविधीहरु, र ३. श्रम–घरायसी कार्यका लागि समय र सामर्थ्य किफायती गर्ने प्रविधीहरु, पहुँच को संग छ सोको मापनले प्रविधीको लैङ्गिक प्रभावको बारेमा सचेतना तथा संवाद खुल्ला गर्दछ । प्रविधीहरु लाभको सुदृढीकरण, र श्रम–समय–वा खर्च बचत गर्ने हुन्छन भने सबै आविस्कारहरु पहँच, फलदायी, र सबै गरिब महिला र पुरुष कृषकहरुको आवश्यकताको ग्रहणशिल पनि हुदैनन् । अन्य कारणहरुमा, सांस्कृतिक रुपले उपयुक्त, शारिरीक रुपमा पहुँचयोग्य, हासिल गर्न सक्ने, र लैङ्गिक पहुँचयोग्य र श्रोतमा नियन्त्रण जस्ता केही सवालहरुले महिला कृषकहरुको प्रविधी पहुँच र ग्रहणमा बाधा पुर्‍याउछ ।

| | |
|---|---|
| **समय:** | १–२ घण्टा, सहभागीहरुको संख्याका आधारमा |
| **सामग्रीहरु:** | फ्लिपचार्ट कागज, रङ्गिन मार्कर, मास्कीङ्ग टेप, क्रियाकलापको शिर्षक, उद्देश्य र निर्देशन सहितको फ्लिपचार्ट |
| **किन:** | खास ग्रामीण समुदायमा घरमा र खेतमा विभिन्न प्रकारको प्रविधीहरुमा कस्को पहुँच छ र किन सोको पहिचान गर्न; महिला र पुरुष कृषकहरुले विभिन्न प्रकारका खेत र घरपरिवारमा ग्रहण गरिने प्रविधीहरुका अवसरहरु र सीमाहरुको पहिचान गर्न । |

**चरणहरु:**

१. क्रियाकलापको शिर्षक, उद्देश्यहरु, र संक्षिप्त परिचयको समिक्षा गर्नुहोस् । (**५ मिनेट**)

२. एक देखी छ अंक दिएर प्रतेक सहभागीहरुलाई छ वटा समुहमा विभाजन गर्नुहोस् र प्रतेक समुहलाई अलग अलग कार्य दिनुहोस् । प्रतेक समुहमा निष्पक्ष समान महिला र पुरुषको संख्या हुने गरी समायोजन गर्नुहोस् । (**१० मिनेट**)

देहाय बमोजिम समुह कार्य दिनुहोस् ।

समुह १ र २– उत्पादन र स्याहारको बेला खेतमा आवश्यक श्रम-र समय बचाउने प्रविधीहरु जस्तै रोपाई वा सिंचाई

समुह ३ र ४– बालीनाली स्याहार पश्चात श्रम-र समय बचाउने प्रविधीहरु जस्तै सुकाउने र भण्डारण

समुह ५ र ६– घरायसी कार्यका लागि श्रम-र समय बचाउने प्रविधीहरु जस्तै पकाउने र सफा गर्ने

३. प्रतेक समुहलाई १ देखी २ वटा फ्लिपचार्ट कागज र मार्करहरु दिनुहोस् । ती समुहलाई घर र उत्पादन र बालीनाली स्याहार पश्चातको समयमा उपलब्ध श्रम तथा समय बचत गर्ने प्रविधीहरु सूची गर्नुहोस् र कोर्नुहास् । केही उदाहरण पनि दिनुहोस् । (**३० मिनेट**)

**घर**

उर्जा कार्यक्षमता भएका चुल्होहरु

साना बगैचा

वर्षा पानी काटनीहार

गोबरग्याँस

चक्का

**खेत**(**उत्पादन र बालीनाली स्याहार**)

सुदृढ बस्तुहरु

किटनाशक

औषधी छिट्ने यन्त्र

थोपा सिंचाई

जनसमुह

**बालीनाली स्याहार पश्चात**

थ्रेसर

हसिया

शीत भण्डार

सौर्य सुकाउने यन्त्र

सुकुवा मील

४. सूचीकरण र चीत्रहरु कोर्ने कार्य पश्चात प्रतेक समुहलाई देहायका क्रियाकलाप गर्न लगाउनुहोस् । (**५ मिनेट**)


महिला कृषकले ग्रहण गर्न सक्ने प्रविधीहरुलाई **रातो** मार्करले गोलो घेरा लगाउनुहोस् र जम्मा गर्नुहोस् ।
